# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषाको प्रयोग समाजमा गरिने हुँदा यो सामाजिक वस्तु हो । मानवीय जीवनका सम्पूर्ण क्रियाकलापको एक सशक्त माध्यम भाषा हो । भाषाले नै सामाजिक जीवनलाई गतिशील बनाउँछ । कुनै पनि भाषालाई जीवन्त बनाउनका लागि उक्त भाषाको व्यापक प्रयोग गरिनु आवश्यक हुन्छ । भाषिक अपक्षय हुनबाट रोक्न र भाषालाई समृद्ध एवम् जीवन्त बनाउनका निम्ति भाषाको प्रयोग, प्रकाशन, प्रशारणका साथै भाषा शिक्षण गरिन्छ । भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण भएकाले उक्त भाषामा शब्दसम्पन्नता र अर्थवहन क्षमताको महत्त्वपूर्ण भूमिका रहन्छ । कुनै पनि भाषाको शब्दभण्डारको सूचक नै शब्दकोश हो । खास तह र कक्षाका विद्यार्थीहरूको सिकाइमा सहयोग पुऱ्याउने उद्देश्यले नै शैक्षणिक शब्दकोश निर्माण गरिन्छ । यो अध्ययन कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा आधारित भएर गरिएको छ ।

नयाँ विषयमा खोज तथा अनुसन्धान गरेर तथ्य कुरा पत्ता लगाउनु र पहिले गरिएका अनुसन्धानको पुनर्व्याख्या गर्नु अनुसन्धान हो (खनाल, २०७३) । भाषा सम्बन्धमा नयाँ कुरा खोजी गर्ने, भाषाको प्रयोग पक्ष र उपलब्धिबारे व्याख्या, विश्लेषण गरी नयाँ तथ्य पत्ता लगाउनु भाषिक अनुसन्धान हो । प्रायोगिक भाषाविज्ञानका विभिन्न शाखाहरूमध्य कोशविज्ञान पनि एक प्रमुख शाखा हो ।

कोश निर्माण कार्य प्राचीन कालदेखि नै सुरू भएको पाइन्छ । कोष शब्दले धन, पैसा, खरखजानाको भण्डारलाई जनाउँछ भने कोश शब्दले शब्दहरूलाई व्यवस्थित रूपमा शब्दहरूलाई वर्णानुक्रममा मिलाएर राखेको शब्द सङ्ग्रहलाई जनाउँदछ । नेपाली बृहत् शब्दकोश अनुसार शब्दहरू सुरक्षित राख्ने भण्डार, ढुकुटी नै शब्दकोश हो । यसमा शब्दको अर्थ, पर्याय, विपर्याय, स्रोत, व्युत्पत्तिसमेत खुलाइएको हुन्छ । भाषामा रहेका जटिल शब्दलाई बुझ्नका लागि ती शब्दका अर्थ, स्रोत, शब्दको पर्यायवाची शब्द, विपरितार्थी शब्द, वाक्यमा प्रयोग समेत दिएर पूर्ण प्रायोगिक बनाइएको हुन्छ । भाषाको सही र शुद्ध प्रयोग गर्दै स्तरीय

मानक नेपाली भाषाको प्रयोग एवम् अभिव्यक्ति कौशलमा निपूर्ण हुनका निमित्त शब्दकोशको प्रयोग गरिन्छ (ढकाल,२०७०) ।

प्रस्तुत शोधकार्य *छ कक्षाको नेपाली पाठ्यपुस्तकमा अधारित नमुना शब्दकोश निर्माण र प्रयोग* शीर्षकमा रहेको छ । यसमा कक्षा छको नेपाली पाठ्यपुस्तकमा दिइएका कठिन शब्दहरू के कस्ता छन् ती शब्दको विद्यार्थीले सहज रूपमा अर्थबोध गर्न सकुन भन्ने उद्देश्य रहेको छ । विद्यार्थीहरूमा शब्द तथा अर्थ सम्बन्धी विभिन्न कठिनाइ हुन सक्छन् । यसर्थ त्यस्ता शब्दको अर्थ, प्रयोग, स्रोत, व्युत्पत्ति, उदाहरण आदि कुराको जानकारी गराउन आवश्यक हुन्छ । विभिन्न भाषिक पृष्ठभूमिका विद्यार्थी कक्षामा हुने भएकाले शब्दको स्रोत, व्युत्पत्ति सम्बन्धी जानकारी नहुँदा लेखाइका क्रममा त्रुटि गरेको पाइन्छ । तसर्थ विद्यार्थीले गर्न सक्ने त्रुटिको अवलोकन गरी कक्षा, तह र विषयगत शैक्षणिक शब्दकोश निर्माण गर्नु आवश्यक देखिन्छ । जसका माध्यमबाट विद्यार्थीले आफूलाई जटिल लागेका शब्दको सहज रूपमा अर्थबोध गर्न सक्दछन् । यसकारण प्रस्तुत शोधमा छ कक्षाको नेपाली पाठ्यपुस्तकमा रहेका कठिन शब्दहरूको सङ्कलन गरेर वर्णानुक्रममा राखी ती शब्दको स्रोत, उच्चारण, अर्थ, पदवर्ग तथा उदाहरण दिएर नमुना शब्दकोश निर्माणसम्बन्धी अनुसन्धानात्मक कार्य गरिएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत अध्ययन छ कक्षाको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माणमा केन्द्रित छ । यस शोधकार्यले छ कक्षाका विद्यार्थीहरूलाई विभिन्न शब्दहरू र ती शब्दको स्रोत, व्युत्पत्ति, अर्थ, उच्चारण, पर्याय, विपर्याय आदि पढ्न र बुझ्न सहज हुनेछ । शब्दका बारेमा यी विभिन्न पक्षको जानकारी राखी भाषिक सिपमा विद्यार्थीलाई दक्ष बनाउन शैक्षणिक शब्दकोशको महत्त्व रहन्छ । यसका माध्यमबाट भाषा शिक्षण उद्देश्योन्मुख तथा प्रभावकारी हुन सक्दछ । अनुसन्धेय विषयवस्तुलाई समस्याका रूपमा प्रस्तुत गरिन्छ (बन्धु, २०७०) । शोध शीर्षकले समेटेको प्रश्न, जिज्ञासा र समस्यालाई नै समस्याकथनका रूपमा लिइन्छ । शोधकार्य समस्याको समाधानतर्फ लक्षित हुन्छ भने शोध शीर्षकले समस्याको

सङ्केत गरेको हुन्छ । अत : *छ कक्षाको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण र प्रयोग* समस्याको विषय बनेको छ । प्रस्तुत अध्ययनका समस्याहरू निम्नानुसार रहेका छन् :

(क) छ कक्षाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट के कस्ता शब्दहरू सङ्कलन गर्न सकिन्छ ?

(ख) सङ्कलित शब्दहरूको वर्णानुक्रमका आधारमा स्रोत, उच्चारण, व्युत्पादन, पदवर्ग र अर्थसहित नमुना शब्दकोश निर्माण गर्न सकिन्छ ?

(ग) नमुना शब्दकोशमा प्रविष्टि पाएका शब्दहरूको वाक्यात्मक उदाहरण पस्तुत गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

अध्ययन अनुसन्धानलाई गन्तव्यमा पुऱ्याउने प्रमुख पक्ष उद्देश्य हो । यसमा समस्याको तर्कपूर्ण खोजी गरिन्छ । उद्देश्यले समस्यालाई निश्चित बाटोमार्फत समाधान गर्ने प्रयास गर्नुका साथै अध्ययनमा के कस्ता पक्षलाई समेट्न खोजिएको छ भन्ने कुरालाई पनि सङ्केत गर्दछ । प्रस्तुत शोध निम्नानुसारका उद्देश्यहरूमा केन्द्रित रहेको छ :

(क) छ कक्षाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको सङ्कलन गर्नु

(ख) सङ्कलित शब्दहरूको वर्णानुक्रमका आधारमा स्रोत, उच्चारण, व्युत्पादन, पदवर्ग र अर्थसहित नमुना शब्दकोश निर्माण गर्नु

(ग) वर्णानुक्रममा परेका शब्दहरूको वाक्यात्मक उदाहरण प्रस्तुत गर्नु

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

भाषा जीवन्त बन्नका लागि त्यस भाषामा शब्द सम्पन्नता र अर्थवहन क्षमताले महत्त्वपूर्ण स्थान लिनु पर्दछ । भाषालाई व्यवस्थित, वैज्ञानिक, व्यवहारिक र जीवनोपयोगी बनाउनतर्फ ध्यान दिई शब्दकोश निर्माण गरिन्छ । विषय र क्षेत्र अनुसार शब्दकोशको प्रयोजन र महत्त्व फरक फरक हुने गर्दछ । त्यसैले वर्तमान छ कक्षाको दोस्रो संस्करण ( २०७४) को नेपाली पाठ्यपुस्तकमा आधारित भएर नमुना शब्दकोश निर्माण गर्नु महत्त्वपूर्ण कार्य हो ।

भाषाको अध्ययन तथा अध्यापनका निम्ति शब्दकोशको व्यवहारिक र शैक्षणिक महत्त्व रहेको हुन्छ । सोही महत्त्व र आवश्यकतालाई पूर्ति गर्नका लागि विभिन्न कक्षा, तह, स्तरका बालबालिकालाई लक्षित गरी शब्दकोश निर्माण गरिएको पाइन्छ । भाषा शिक्षणका लागि भाषा सम्पादन कौशल व्यक्तिमा हुनु आवश्यक रहन्छ जसका लागि शब्दकोशको ज्ञान अपरिहार्य हुन्छ (भण्डारी, २०७४) ।

प्रस्तुत शोधकार्यबाट छ कक्षाको नेपाली पाठ्यपुस्तकमा रहेका कठिन शब्दको अर्थ, हिज्जे, व्याकरण, पर्याय, विपर्याय, उच्चारण, स्रोत, वाक्यमा प्रयोग तथा उदाहरणसमेत दिइने भएकाले सम्बन्धित कक्षाका विद्यार्थी तथा शिक्षकहरूलाई शब्दार्थ सम्बन्धी ज्ञान प्रदान गर्ने छ । नेपाली बृहत् शब्दकोश, प्रयोगात्मक नेपाली शब्दकोश सबै विद्यार्थीका लागि सहजै उपलब्ध नहुने हुँदा विद्यार्थीलाई अप्ठ्यारा लागेका शब्दको ज्ञान गराउन, शोधार्थीका साथै पाठ्यपुस्तक लेखक, सम्पादक, शब्दकोश निर्माणका क्षेत्रमा क्रियाशील व्यक्ति र जिज्ञासु अध्येताहरूलाई समेत महत्त्वपूर्ण सन्दर्भ सामग्री बन्ने भएकाले प्राज्ञिक दृष्टिले पनि प्रस्तुत शोधकार्यको सान्दर्भिकता र उपादेयता रहेको छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

शोधकार्यलाई निश्चित मार्गमा डोऱ्याउन सीमाङ्कन गरिन्छ । शोधकार्यमा सम्पूर्ण पक्षलाई समेट्न नसकिने हुँदा त्यसको व्यापकता र गहिराइलाई सीमाङ्कन गर्नु पर्दछ । प्रस्तुत शाधकार्यमा निश्चित विद्यालयका निश्चित विद्यार्थीमाझ, निश्चित शब्दहरूको परीक्षण गरिएको छ । धेरै शब्दहरू, विद्यालय, विद्यार्थी र सामग्रीको उपयोग गर्दा आर्थिक र व्यवहारिक दृष्टिले खर्चिलो हुन्छ । यसर्थ आर्थिक, भौतिक, स्रोत तथा समय अभावलाई दृष्टिगत गरी प्रस्तुत शोधकार्यलाई निम्नानुसार सीमाङ्कनभित्र सीमित गरिएको छ :

(क) जनक शिक्षा सामग्री केन्द्रद्वारा २०७० मा प्रकाशित तथा २०७४ मा पुनःमुद्रित कक्षा छको नेपाली पाठ्यपुस्तकलाई आधार मानिएको छ ।

(ख) प्रस्तुत शोधकार्य छ कक्षाको नेपाली पाठ्यपुस्तकको पाठको अन्त्यमा गाढा अक्षरमा दिइएका शब्द र केही पाठभित्रका अप्ठ्यारा शब्दमामात्र सीमित रहेको छ ।

(ग) सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी तिनको उच्चारण, स्रोत, अर्थ, व्युत्पत्ति, पदवर्ग र उदाहरण दिइएको छ ।

(घ) शब्दहरूको वर्णानुक्रम, पदवर्ग, शब्दको अर्थ तथा शब्दको स्रोत नेपाली बृहत् शब्दकोश र प्रयोगात्मक नेपाली शब्दकोशबाट लिइएको छ ।

(ङ) स्रोतका हिसावले तत्सम शब्दलाई (तत्स.), आगन्तुकलाई (आ.), अनुकरणमूलकलाई (अमू.) भनी सङ्केत गरिएको छ भने तद्भव शब्दलाई सङ्केत गरिएको छैन ।

(च) शब्दहरू परीक्षणका क्रममा कैलाली जिल्लाको घोडाघोडी नगरपालिकाका कक्षा पूरा गरेका (सो पाठ पढिसकेका) पाँच सामुदायिक र पाँच संस्थागत गरी १० वटा विद्यालयका ६० जना विद्यार्थीलाई लिइएको छ ।

(छ) प्रस्तुत शोधकार्यमा छ कक्षाको नेपाली पाठ्यपुस्तकको पाठका गाढा अक्षर र गाढा नपारिएका तर जटिल खालका शब्दहरू गरी जम्मा १६० शब्दलाई मात्र लिइएको छ भने कतिपय शब्दको अर्थ प्रयोग सन्दर्भअनुकूल शोध निर्देशकको सुझाव अनुसार अध्येता आफैँले दिइएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित गर्न सातवटा अध्यायमा विभाजन गरिएको छ । आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षक राखी शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधपत्रलाई निम्नानुसार सङ्गठित गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : शोधविधि र प्रक्रिया

अध्याय चार : नमुना शब्दकोश निर्माण

अध्याय पाँच : शब्दहरूको सान्दर्भिक उदाहरण प्रस्तुत

अध्याय छ : तथ्याङ्कको व्याख्या तथा विश्लेषण

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध प्रतिवेदन आदि) को अध्ययन गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०७० : २८) । पूर्वकार्यको पुनरावलोकन तथा समीक्षा गर्नाले अनुसन्धान गर्न लागेको विषय नदोहोरिनुका साथै गन्तव्य पहिचान गर्न सहज हुन्छ । पूर्वकार्यको समीक्षाले सो विषय तथा शीर्षकसँग सम्बन्धित भएर के कति कार्य सम्पन्न भएका छन् र अब के कस्ता खोज/अध्ययन गर्न बाँकी छ भन्ने जानकारी मिल्दछ । सबल पक्षको अनुसरण गर्दै कमजोर पक्षबाट बच्ने गरी शोध कार्यलाई अगाडि बढाउन सकिन्छ । पूर्वकार्यको समीक्षा अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा पहिल्याउन र नयाँ सिद्धान्तको खोजी गर्न उपयोगी हुन्छ । तसर्थ प्रस्तुत शोधकार्यसँग सम्बन्धित केही पूर्व अध्ययनहरूलाई निम्नलिखित दुई उपशीर्षकमा विभाजन गरी समीक्षा गरिएको छ ।

### २.१.१ पुस्तक पुनरावलोकन

लम्साल (२०५७) द्वारा *कोश विज्ञान र नेपाली कोश* नामक पुस्तक लेखिएको छ । सो पुस्तकमा कोशविज्ञानको परिचय, कोशको परिचय, कोशको वर्गीकरण, कोशको स्वरूप, कोश सम्पादन प्रक्रिया, नेपाली कोश र यसको विकासक्रम, नेपाली कोशका प्रकार आदि पक्षको चर्चा गरिएको छ । कोशविज्ञानको सैद्धान्तिक अवधारणाको जानकारी, कोश निर्माण प्रक्रिया, कोशको प्रयोग सम्बन्धी पक्षको जानकारी गराउन तयार पारिएको सो पुस्तकले पस्तुत शोध कार्यका लागि शब्दकोश सम्बन्धी सैद्धान्तिक आधार, शब्दकोशको रूपरेखा, शब्दकोश निर्माण प्रक्रियाका लागि उपयोग गरिएको छ ।

आचार्य र गौतम (२०६६) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू* पुस्तकको कोशविज्ञान शीर्षकमा कोशविज्ञानको परिचय, कोशको परिचय, प्रकार र विशेषता, कोश निर्माण योजना र सामग्री सङ्कलन प्रक्रिया, कोशको स्वरूप र कोश सम्पादन प्रक्रिया, कोश निर्माणका चरण, व्याकरण निर्देशका विधि, अर्थ निर्देशक, नेपाली कोश परम्परा, नेपाली कोश निर्माणमा देखा परेका समस्याहरू र कोशको शैक्षणिक महत्त्वसमेत

चर्चा गरिएको छ । कोशको परिचय, कोश निर्माण सामग्री कसरी सङ्कलन गर्ने शब्दको अर्थ निर्देशन दिइएको र शैक्षणिक प्रयोजनका लागि महत्त्वपूर्ण रहेकाले प्रस्तुत शोधकार्य सम्पन्न गर्नका निम्ति यो पुस्तकबाट सैद्धान्तिक आधार लिइएको छ ।

अधिकारी (२०६७) द्वारा *सामाजिक र प्रायोगिक भाषाविज्ञान* पुस्तक तयार गरिएको पाइन्छ । सो पुस्तकमा कोशविज्ञान शीर्षकमा कोशको परिचय, शब्दकोशको परिचय, कोशको ऐतिहासिक पृष्ठभूमि र विकास कोशको प्रयोजन, प्रकार र तिनका विशेषता, कोश निर्माण योजना, सामग्री सङ्कलन प्रक्रिया, शब्दकोशको स्वरूप, शब्दकोश सम्पादन प्रक्रिया, प्रविष्टि चयन र उपप्रविष्टि निर्धारण, शीर्ष शब्दको प्रस्तुति, कोशमा समाविष्ट सूचना र तिनको अनुक्रम, अर्थ निर्देशकका प्रमुख तरिकाहरू, अर्थ निर्देशकका अन्य सिद्धान्तहरू, शब्दको अन्तिम तयारी, अनुक्रम, उपप्रविष्टिको व्यवस्थनपन, नेपाली शब्दकोशको परम्परा र विकास, शब्दकोश निर्माणका समस्या, शब्दकोश र भाषा शिक्षणको सम्बन्ध लगायतका पक्षको जानकारी गरिएको छ । उपर्युक्त शीर्षकले विद्यार्थीलाई कोशको सैद्धान्तिक अवधारणादेखि कोश निर्माण प्रक्रिया, कोश प्रयोग गर्ने तरिका, नेपाली शब्दकोशको विकासक्रम आदि विविध कुराको ज्ञान गराउने हुँदा प्रस्तुत शोधकार्य सम्पन्न गर्न यो पुस्तक निकै उपयोगी सिद्ध भएको छ ।

ओझा (२०६८) द्वारा *सामान्य भाषाविज्ञान* नामक पुस्तक प्रकाशित छ । उक्त शब्दकोशमा नेपाली शब्दकोशको विकासमा योगदान दिने व्यक्तिको चर्चा गरिएको पाइन्छ । जसमा डेनियल राइटको *हिष्ट्रि अफ नेपाल* नामक कृतिमा नेपाली र नेवारी भाषाका शब्दहरू सङ्कलन गरिएको छ । कोश निर्माण परम्परा विदेशी विद्वानबाट प्रारम्भ भएको देखिन्छ । यस परम्परामा देखा पर्ने प्रथम नेपाली व्यक्ति मोतिराम हुन् । उनले १९५२ पूर्व नै उखानको बखान तथा जान्ने कथाको सङ्ग्रहको रचना गरी कोश परम्पराको सुरुवात गरे भन्ने जानकारी यस पुस्तकमा पाइएको छ । कोशको विकासक्रम, निर्माण प्रक्रिया र नेपालमा यसको थालनिबारे जानकारी लिई नमुना शैक्षणिक शब्दकोश निर्माणका लागि यो पुस्तक सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

लामिछाने (२०६८) द्वारा *प्रायोगिक भाषाविज्ञान* पुस्तकमा कोशविज्ञान शीर्षकमा कोशको परिचय, परिभाषा, निर्माण परम्परा, कोशको वर्गीकरण र विशेषता, शब्दकोशको स्वरूप, निर्माण प्रक्रिया, कोश निर्माणका समस्या, कोशमा पाइने सूचना, शब्दकोश प्रयोग

गर्ने तरिका, शिक्षणमा यसको उपयोगिता लगायतका पक्षमा चर्चा गरिएको छ । यसबाट कोश प्रयोग गर्ने तरिका, कोश निर्माणको प्रक्रिया तथा शिक्षण सिकाइमा कोशको सान्दर्भिकता प्रस्ट हुने हुँदा यो शोधकार्यका लागि नमुना शब्दकोश निर्माणमा सहयोगी सिद्ध भएको छ ।

अधिकारी र भट्टराई (२०७०) द्वारा *प्रायोगिक नेपाली शब्दकोश* को सम्पादन गरी प्रकाशन गरिएको पाइन्छ । सम्पूर्ण शब्दहरूलाई मूल प्रविष्टिमा राखेर वर्णानुक्रममा मिलाई एक वर्णलाई पहिले राखिएको छ । त्यसपछि क्रमिक ढङ्गले चन्द्रविन्दु, शिरविन्दु र विसर्गयुक्त वर्णहरूलाई राखिएको छ । क्ष, त्र, ज्ञ जस्ता संयुक्त वर्णहरूलाई क, त, ज पछाडि अनुक्रममा समावेश गरिएको छ । उक्त कोशमा मानक उच्चारण र वर्णविन्यास, व्युत्पादन, व्याकरण निर्देश, अर्थ र प्रयोग सम्बन्धी सूचनालाई व्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ । मानक कथ्य र लेख्य रूपको सूचना दिँदै नवीनता आत्मसात् गरेको यस कोशमा स्वनिर्मित मौलिक उदाहरणलाई बढी प्राथमिकता दिइएको छ । यसले प्रस्तुत शोध कार्यलाई अगाडि बढाउन सैद्धान्तिक आधार लिइएको छ ।

लामिछाने (२०७०) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* पुस्तकमा कोश निर्माण शीर्षकमा कोशको परिचय, प्रकार र विशेषता, निर्माण योजना र सामग्री सङ्कलन प्रक्रिया, कोशको स्वरूप र कोश सम्पादन प्रक्रिया, नेपाली कोशको परम्परा र विकासक्रम, नेपाली कोश निर्माणमा देखा परेका समस्या, कोश र भाषा शिक्षणको सम्बन्ध आदिबारे उल्लेख गरिएको छ । कोशका बारेमा जानकारी गराउने उद्देश्यले सो पुस्तक तयार पारिएको देखिन्छ । उक्त पुस्तक कोशका लागि सामग्री सङ्कलन, सामग्रीको विश्लेषणसहित कोश निर्माणका लागि सैद्धान्तिक आधार प्रदान गरिएको छ ।

*नेपाली वृहत् शब्दकोश* (२०७५) मा नेपाली भाषामा प्रयोग हुने शब्दलाई सङ्कलन गरेर वर्णानुक्रममा राखिएको छ । शब्दको अर्थ, स्रोत, व्युत्पादन, पर्याय, विपर्याय, उच्चारण र वाक्यमा प्रयोग समेत दिइएको छ । सो शब्दकोशले विद्यार्थीको शब्दभण्डार क्षमताको वृद्धि तथा शब्दकोश प्रयोग गर्ने तरिकाबारे जानकारी प्रदान गर्ने छ । शब्दकोशको स्वरूपबारे जानकारी गराई शब्दादि विषयका समस्याबाट अध्ययता एवम् जिज्ञासु विद्यार्थीलाई मुक्त गराउनु र सावर्णविन्यासगत शुद्धताको आत्मसात गर्न प्रेरत गर्नु उक्त शब्दकोशको उद्देय

रहेको छ । यसर्थ उल्लिखित समस्या समाधान, शब्दहरूको वर्णानुक्रम, प्रविष्टि र भाषाको सही शुद्ध प्रयोगका लागि नेपाली वृहत् शब्दकोशबाट आवश्यक सहयोग लिइएको छ ।

### २.१.२ शोधपत्रको पुनरावलोकन

न्यौपाने (२०७२) द्वारा *कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना शब्दकोश निर्माण* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यस शोधको प्रमुख उद्देश्य कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको सङ्कलन गर्नु र ती शब्दलाई वर्णानुक्रममा मिलाएर राख्नु, सङ्कलित शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, अर्थ र प्रयोग स्पष्ट पारी नमुना शब्दकोश निर्माण गर्नु रहेको छ । प्राथमिक र द्वितीयक स्रोतका आधारमा सामग्री सङ्कलन गरी पुस्तकालय अध्ययन प्रक्रिया र व्याख्या तथा विश्लेषण विधिको प्रयोग गरिएको छ । २०० वटा शब्दहरू सङ्कलन गरी तिनको उच्चारण, स्रोत, व्युत्पत्ति, व्याकरण निर्देश, अर्थ प्रयोग सम्बन्धी जानकारी दिइएकाले प्रस्तुत शोध कार्यका लागि उक्त शोधपत्रको पुनरावलोकनबाट सैद्धान्तिक आधार लिइएको छ ।

पोखेल (२०७२) द्वारा *कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना शब्दकोश निर्माण* शीर्षकमा शोध कार्य सम्पन्न गरिएको छ । कक्षा छको नेपाली किताबका २३० शब्दहरू सङ्कलन गर्नु, उक्त शब्दहरूको अर्थ, उच्चारण, स्रोत, पदवर्ग, पर्याय, विपर्याय आदि आधारमा नमुना कोश सम्पादन गर्नु, सम्बन्धित कक्षाका विद्यार्थीको आवश्यकता पहिचान गरी वर्णानुक्रममा कोश निर्माण गर्नु जस्ता उद्देश्यमा प्रस्तुत शोध केन्द्रित रहेको छ । पुस्तकालयीय विधिमा आधारित रहेर तयार पारिएको यो शोधपत्र औसत रूपमा तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूमध्य तत्सम स्रोतका शब्दहरू बढी समावेश छन् । यसबाट पाठ्यपुस्तक निर्माणमा कम स्तरीयता देखिन्छ भन्ने निष्कर्ष निकालिएको छ । यसले प्रस्तुत शोध कार्यका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

भण्डारी (२०७२) द्वारा *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण* शीर्षकमा शोध कार्य गरिएको छ । उक्त शोध कार्यको उद्देश्य कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु, शब्दहरूको उच्चारण, स्रोत, पदवर्ग, अर्थ र उदाहरण दिएर नमुना शब्दकोश निर्माण गर्नु रहेको छ । उक्त शोधमा कक्षा आठको नेपाली किताबबाट ३९८ शब्दहरू लिइएको छ । जम्मा पाँच अध्यायमा विभाजित उक्त शोध मुख्यतः

पुस्तकालय अध्ययन विधिमा केन्द्रित छ । आवश्यकता अनुसार व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको पनि प्रयोग गरिएको छ । उक्त शोधपत्रले शब्दको प्रयोगमा आउने अन्यौलता पहिचान/समाधानमा सहयोग गर्ने, शोधको उद्देश्य निर्धारण, समस्या, अध्ययन विधि, औचित्य आदिबारेको अन्यौलता हटाई नमुना शैक्षणिक शब्दकोश निर्माणमा सहयोग पुऱ्याएको छ ।

के. सी. (२०७३) द्वारा *कक्षा सातको बैखरी नेपाली पाठ्यपुस्तकको नमुना शैक्षिक कोश निर्माण* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा कक्षा सातको बैखरी नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट शब्दहरू सङ्कलन गर्नु र वर्णानुक्रममा राख्नु, सङ्कलित शब्दको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग अर्थ र प्रयोग प्रस्तुत गरेर नमुना शैक्षिक शब्दकोश निर्माण गर्नु रहेको छ । पुस्तकालय अध्ययनको प्रयोग गरी प्राथमिक सामग्रीका रूपमा कक्षा सातको बैखरी नेपाली पाठ्यपुस्तकलाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा विभिन्न पाठ्यपुस्तक, सन्दर्भपुस्तक, शब्दकोश, पत्रपत्रिका र शोधपत्रहरूलाई लिइएको छ । कक्षा सातको बैखरी नेपाली पाठ्यपुस्तकबाट २०६ वटा शब्दहरू सङ्कलन गरी ती शब्दको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग, अर्थ तथा प्रयोग खुलाइएको छ । यस शोधको अध्ययन प्रस्तुत शोधकार्यमा सैद्धान्तिक आधार लिन उपयोग गरिएको छ ।

भण्डारी (२०७३) द्वारा *कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधको उद्देश्य कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको सङ्कलन गर्नु र वर्णानुक्रममा राखी प्रस्तुत गर्नु, सङ्कलित शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, अर्थ, प्रयोग, शब्दवर्ग र उदाहरण दिई नमुना शब्दकोश निर्माण गर्नु रहेको छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकबाट विभिन्न शब्दहरू सङ्कलन गरी तयार पारिएको छ । पुस्तकालयीय अध्ययन प्रक्रिया अवलम्बन गरिएको शोधमा ३७५ शब्दलाई मूल प्रविष्टि दिएर उच्चारण, स्रोत, व्युत्पत्ति, शब्दवर्ग, अर्थ, उदाहरण र प्रयोगलाई समेत प्रस्तुत गरिएको छ । उक्त शोधको समीक्षाबाट प्रस्तुत शोधको लागि आवश्यक सैद्धान्तिक आधार प्राप्त भएको छ ।

लामिछाने (२०७४) द्वारा *कक्षा तीनको नेपाली पाठ् तकमा आधारित नमुना शब्दकोश निर्माण* शीर्षकमा शोधकार्य गरिएको छ । कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा

समाविष्ट शब्दहरू सङ्कलन गर्नु, ती शब्दलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु र ती शब्दका अर्थ, पर्याय, विपर्याय, उदाहरण दिई नमुना शब्दकोश निर्माण गर्नु उक्त शोधको उद्देश्य रहेको छ । पुस्तकालय अध्ययन विधि अवलम्बन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा कक्षा तीनको नेपाली पाठ्यपुस्तक रहेको छ भने द्वितीयक सामग्री कोश सम्बन्धी व्याख्या विश्लेषण गरिएका पाठ्यपुस्तक, लेख, रचना, सम्बन्धित भाषाका शब्दकोशलाई लिइएको छ । उक्त शोधपत्र यस अध्ययनसँग सम्बन्धित भएकाले यसबाट नमुना शब्दकोश निर्माणका लागि सैद्धान्तिक आधार लइएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ विषय प्रवेश

मानव समुदायमा विचारको विनिमय गर्ने भरपर्दो तथा महत्त्वपूर्ण साधनका रूपमा भाषालाई लिइन्छ । भाषाले मानिसलाई सामाजिक जीवन प्रदान गर्नुका साथै वाङ्मयलाई शिखरमा पुऱ्याउने काम गर्दछ । मानिसमा रहेको सम्पूर्ण ज्ञान तथा अनुभव भाषाबाट सञ्चालित भई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने गर्दछ । मानिसलाई विभिन्न क्षेत्रको ज्ञान गराउने मातृभाषा, दोस्रो भाषा र शब्दभण्डार सम्बन्धी ज्ञान गराउने काम भाषाले नै गर्दछ । वर्तमान समयमा मानिस विभिन्न देश र परिस्थितिसँग परिचित हुनु पर्ने अवस्था छ । विभिन्न प्रचलित भाषाहरूमा ज्ञान हासिल गर्न चाहान्छ यद्यपि आफ्नो मातृभाषा, सरकारी कामकाजको भाषा, शब्दभण्डार, भाषिक संरचनासँग पूर्णरूपमा परिचित हुन सक्दैन । यसकारण व्यक्तिलाई भाषिक व्यवहार गर्न असहज हुन्छ । यस्ता किसिमका असहजतालाई हटाउन विभिन्न भाषाका शब्दलाई सङ्कलन गरेर शब्दको अर्थ, उच्चारण, पदवर्ग, पर्याय, विपर्याय, वाक्यमा प्रयोग, उदाहरण आदि दिएर शब्दकोश निर्माण गरिएका हुन्छन् यसबाट सिकारुलाई भाषा सिकाइमा सहजता हुन्छ । भाषिक व्यवहार गर्नमा समेत सजिलो हुने गर्दछ । यसर्थ प्रस्तुत शोधकार्यमा शब्दकोशको सैद्धान्तिक पक्षका साथै कोश निर्माण प्रक्रिया, कोशको स्वरूप, कोश सम्पादन प्रक्रिया सम्बन्धी चर्चा गरिएको छ ।

### २.२.२ शब्दकोशको परिचय तथा परिभाषा

भाषाको शब्द, ढुकुटी तथा यसको समस्त अध्ययनलाई प्रतिविम्बित गर्ने शब्द 'शब्दकोश' हो । भाषामा रहेका सम्बन्धित सूचनाहरूलाई प्रयोजन अनुसार व्यवस्थित गर्न

बनाइएको ग्रन्थलाई शब्दकोश भन्ने गरिन्छ । नेपाली वृहत् शब्दकोश अनुसार शब्दहरू सुरक्षित राख्ने भण्डार, ढुकुटी नै शब्दकोश हो । यसमा विभिन्न जटिल शब्दको अर्थ, शब्दहरूको पदवर्ग, शब्दको स्रोत, वाक्यमा प्रयोग, उच्चारण तथा शब्दको निर्माण प्रक्रिया आदिबारे जानकारी लिई भाषाको सही र शुद्ध प्रयोग गर्दै स्तरीय मानक नेपाली भाषाको प्रयोग एवम् अभिव्यक्ति कौशलमा निपूर्ण हुनका निमित्त शब्दकोशको प्रयोग गरिन्छ (ढकाल ,२०७०) । भाषाको स्तरीय मानक स्वरूपको प्रयोग गर्नका लागि शब्दको अर्थ, स्रोत, व्युत्पत्ति, पर्याय, विपर्याय, शब्दवर्ग, उदाहरण र प्रयोगका लागि शब्दकोश सहयोगी माध्यम हो ।

कोशविज्ञान शब्द ग्रीकबाट विकसित अङ्ग्रेजी शब्द 'लेक्सिकोलोजी' को नेपाली रूपान्तरण हो । यसको व्युत्पत्तिगत अर्थ शब्दको अध्ययन गर्ने विज्ञान भन्ने हुन्छ । वर्तमानमा यस किसिमको सङ्कीर्ण अर्थमा मात्र यसको प्रयोग सीमित छैन । शब्द शब्दमा अर्थ विस्तार गरी यसले व्यापक सन्दर्भ लिएको छ । सामान्य धारणामा जसरी कोशलाई शब्दसूची मानिन्छ, त्यसरी नै कोशविज्ञानलाई शब्दसूचीसँग सम्बन्धित विधा मानिन्छ ( लम्साल, २०५७) । प्राचीनकालमा पर्यायवाची शब्दका रूपमा प्रयोग हुने कोष र कोश शब्द वर्तमानमा भिन्न अर्थ प्रकट गर्ने शब्दका रूपमा रहेका छन् । शब्दहरूको सुव्यवस्थित रखाइ भएको र अर्थ प्रकट गरेको, पर्याय, विपर्याय, स्रोत, व्युत्पत्तिसमेत खुलाएको शब्दहरूको सङ्ग्रहका रूपमा शब्दकोशलाई लिइन्छ । नेपाली भाषामा सन् १८८७ मा दार्जिलिङबाट प्रकाशित 'नेपाली व्याकरण र शब्दावली', पारसमणि प्रधानको 'नेपाली भाषाको शब्द सङ्ग्रह', सन् १८११ मा लन्डनबाट प्रकाशित 'नेपाल अधिराज्यको विवरण' आदि कोशमार्फत नेपाली कोश लेखनको शुभारम्भ भएको पाइन्छ ।

कोश शब्दको व्युत्पादन कुश् धातुमा घञ्/अच् प्रत्यय लागेर भएको हो (लुइटेल, २०५८ : १) । सामान्य अर्थमा कोशले कुनै पनि वस्तुको सङ्ग्रह वा सङ्कलनलाई जनाउँछ भने विशिष्ट अर्थमा कोशले शब्दकोशलाई जनाउँछ । ग्रिसेली एवम् ल्याटिनेलीमूलक शब्दकोश **लेक्सिकन** (Lexican) तथा **डिक्सनरी** (Dictionary) शब्दको नेपाली रूपान्तरण हो । लेक्सिकन शब्दले प्राचीन शास्त्रीय भाषाहरू (ग्रिक, ल्याटिन, हिब्रु, अरबी आदि) को शब्दकोशलाई जनाउँछ भने डिक्सनरी शब्दले आधुनिक भाषाका शब्दकोशहरूलाई जनाउँछ । लेक्सिकन शब्द डिक्सनरी शब्दकै पर्यायवाचीका रूपमा प्रयोग भएको पाइन्छ ।

यी दुबै शब्दको मूख्य अभिप्राय शब्दहरूको सङ्ग्रह भन्ने हुन्छ (लुइटेल, २०५८ : १२) । शब्दकोशमा शब्दहरूको वर्णविन्यास, उच्चारण, स्रोत, व्युत्पत्ति, पर्याय, विपर्याय, व्याकरण निर्देश, परिभाषीकरण तथा उदाहरण लगायतका सूचनाहरूलाई समावेश गरिएको हुन्छ ।

इन्साइक्लोपिडिका ब्रिटानिकाले उही वा अन्य भाषामा अर्थ दिइएको कुनै भाषाका शब्दको सूची जुन वर्णानुक्रममा हुन्छ र उच्चारण, व्युत्पत्ति तथा प्रयोग सम्बन्धी तथ्य निहित हुन्छ भनी परिभाषा दिएको छ (ढकाल, २०७० : ६७) । अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरीले भाषा विशेष वा विषय विशेषका शब्दहरूको क्रमवद्ध विन्यासका साथ सूचीकरण र व्याख्या गरिएको कृतिका रूपमा शब्दकोशलाई चिनाएको छ । अक्सफोर्ड इङ्लिस डिक्सनरीले भाषा विशेषका शब्दहरूलाई सन्दर्भ सुविधाका लागि वर्णानुक्रममा प्रस्तुत गरी तिनको उत्पत्ति, वर्णविन्यास, उच्चारण, व्युत्पत्ति, ऐतिहासिकता, पर्यायवाची, अर्थ, प्रयोग जस्ता कुराहरूको जानकारी गराउने तथा विशेष बृहत् शब्दकोशमा महत्त्वपूर्ण सूचना, साहित्यको उदाहरण प्रस्तुत गरीएका ग्रन्थका रूपमा शब्दकोशलाई परिभाषित गरेको छ ।

नेपाली बृहत् शब्दकोशका अनुसार कुनै निश्चित क्रम तथा वर्णव्याकरणात्मक व्यवस्थाअनुसार शब्दहरू भेला पारी प्रत्येक शब्दको अर्थ लेखिएको ग्रन्थ शब्दकोश हो । प्रयोगात्मक नेपाली शब्दकोशले भाषाका शब्दहरूलाई वर्णानुक्रममा मिलाएर तिनको स्रोत, अर्थ, प्रयोग लगायतका सूचनाहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको ग्रन्थ वा खास विषयसँग सम्बन्धित शब्दहरूलाई वर्णानुक्रममा मिलाई परिभाषाबारे प्रकाश पारिएको सन्दर्भग्रन्थ, कोशलाई शब्दकोश मानेको छ । कोशविज्ञान अङ्ग्रेजिको 'लेक्सिकोलोजी' शब्दबाट विकसित भएको हो । यसको व्युत्पत्तिगत अर्थ 'शब्दको अध्ययन गर्ने विज्ञान' भन्ने हुन्छ । रामचन्द्र लम्सालका अनुसार शब्दकोशलाई शब्दसूची भनेर सामान्य अर्थमा लिइन्छ यद्यपि यतिमा मात्रै यसको अर्थ सीमित हुँदैन । यसमा शब्दको परिभाषीकरण, व्याख्या, हिज्जे, व्याकरण निर्देश, उदाहरण, विपर्याय, व्युत्पत्ति आदि दिइएको हुन्छ । शब्द विज्ञान पनि शब्दसूचीसँग मात्र सम्बन्धित नभई भाषाको ढुकुटिमा भएका शब्दको व्यवस्थित अध्ययन, कोशीय सामग्रीको सङ्कलन, प्रविष्टिको चयन र वर्गीकरण, विविध अर्थ निर्धारण, वर्तनी, व्युत्पत्ति, पर्याय-विपर्याय, चित्र, रेखा तालिका आदिको संयोजन र सम्पादन सम्बन्धी सैद्धान्तिक पक्षको पनि वर्णन, विवेचना गरिएको हुन्छ (ढकाल, २०७०, पृ.६७) ।

अधिकारी (२०६७) का अनुसार भाषाका शब्दहरूको वर्णानुक्रममा अर्थसहितका सूचनालाई प्रस्तुत गरिने सन्दर्भ पुस्तक नै शब्दकोश हो । लुइटेल (२०५८) ले भाषा विशेषका शब्दादि एकाइहरूलाई वर्णानुक्रममा सुव्यवस्थित ढङ्गले विन्यास गरी उपयुक्त र बहुप्रचलित विन्यास, उच्चारण, व्युत्पत्ति, व्याकरण निर्देश, स्रोत, उदाहरण, उद्धरण आदिको वैज्ञानिक व्यवस्थापन गरिएको सूचीपत्र वा शब्दसूचीलाई शब्दकोश भनेर परिभाषित गरेका छन् ।

समग्रमा शब्दकोश भन्नाले कुनै भाषाका शब्दहरूलाई व्यवस्थित तवरबाट प्रविष्टि दिई शब्दको उच्चारण, स्रोत, व्युत्पत्ति, व्याकरण निर्देश, पर्याय, विपर्याय, व्याख्या, परिभाषा, उदाहरण र प्रयोग आदिबारे जानकारी दिइएको एक ग्रन्थ हो । शब्हरूको ढुकुटी हो ।

### २.२.३ शैक्षणिक शब्दकोश

'शैक्षणिक' शब्द शिक्षण तथा अध्यापनसँग सम्बन्धित छ । अर्थात् विद्यार्थीमा तह र स्तर अनुसारका भाषाका सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गराउन अवलम्बन गरिने प्रक्रिया वा विधि 'शिक्षण' हो र यही शिक्षणसँग सम्बन्धित समग्र पक्षमा अप्ठ्यारा र जटिल शब्दहरूको अर्थ एवम् जिज्ञासा मेटाउन प्रयोगमा ल्याइने कोश शैक्षणिक शब्दकोश हो, यो विद्यार्थीका आवश्यकतालाई ध्यानमा राखी निर्माण गरिएको हुन्छ । यस्तो कोशमा कोशीय एकाइहरूको चयन र अनुसरण अपरिहार्य रहेको हुन्छ । कक्षागत रूपमा पठनपाठन एवम् शिक्षणलाई सहज बनाउने, अर्थ तथा शब्दका अन्य विविध आवश्यकीय जिज्ञासा समाधानका लागि तयार पारिएको कोशलाई नै शैक्षणिक शब्दकोश भनिन्छ । शिक्षणका सन्दर्भमा कक्षा वा तह विशेषका लागि भनेर निर्माण गरिने कोश शैक्षणिक शब्दकोश हो । सम्बन्धित भाषाको वर्णनात्मक, व्याकरणात्मक, अनुवादात्मक, व्याख्यात्मक आदि पक्षमा विशेष जोड दिइन्छ (लम्साल, २०५७) विद्यार्थीको पठनपाठनलाई ध्यानमा राखेर तयार पारिएको कोशलाई शैक्षणिक कोश भनिन्छ । यस्ता कोशको निर्माणमा शब्दको चयन गर्दा शैक्षिक उद्देश्य, तह, स्तर जस्ता कुरालाई ध्यान दिनु पर्छ । यस्ता कोशहरू विषयपिच्छे फरक फरक हुन्छन् (लुइटेल, २०५८) ।

शैक्षिक शब्दकोश उद्देश्य र आवश्यकता अनुसार फरक फरक हुन्छन् । विद्यार्थीको तह र अवस्थाले महत्वपूर्ण भूमिका खेलेको हुँदा किशोर, युवा, प्रौढ अवस्था र शैक्षिक तहको ध्यान दिनु पर्दछ । यस्ता कोशको विधानभन्दा पूर्व नै कोशको उद्देश्यअनुरूप सम्बन्धित

शिक्षण संस्था र शिक्षार्थी एवम् शिक्षकसँग आवश्यक जानकारी प्राप्त गर्नु पर्दछ र तहअनुसार शब्दकोशमा सूचना समावेश गर्नु पर्दछ (लम्साल, २०५७) । शैक्षिक कोश निर्माणमा उमेर, स्तर, तह आदिलाई ध्यानमा राखेर पाठक वर्ग, शिक्षक, शिक्षा प्रेमीसँग आवश्यक जानकारी लिएर कोश निर्माण गर्नु पर्दछ ।

खास तह र कक्षाका विद्यार्थीहरूको आवश्यकताअनुसार सिकाइमा सहयोग पुऱ्याउने उद्देश्यले शैक्षिक शब्दकोश निर्माण गरिन्छ । यसक्रममा विद्यार्थीको उमेर, भाषिक पृष्ठभूमि, रुचि, आवश्यकता जस्ता शैक्षणिक तथा मनोवैज्ञानिक पक्षलाई ख्याल गरिएको हुन्छ । कोशको उद्देश्यअनुसार सम्बन्धित शिक्षण संस्था र विद्यार्थी एवम् शिक्षकसँग आवश्यक जानकारी लिनुपर्दछ (भण्डारी र अन्य, २०६८) । विद्यार्थीको उमेर, तह, भाषिक पृष्ठभूमि, शैक्षणिक तथा मनोवैज्ञानिक पक्ष समेतलाई ख्याल गरी निर्माण गर्नु पर्दछ ।

प्रस्तुत शैक्षणिक कोश छ कक्षाको नेपाली पाठ्यपुस्तकमा आधारित रहेकाले यो शैक्षिक कोशसँग सम्बन्धित रहेको छ । यो अध्ययन छ कक्षाको नेपाली पाठ्यपुस्तक अध्ययन, अध्यापन गर्ने शिक्षक, विद्यार्थी र सम्बन्धित सरोकारवाला सबैका लागि उपयोगी हुने देखिन्छ । प्रस्तुत कोशमा शब्दको स्रोत, अर्थ, उच्चारण, व्युत्पत्ति, पदवर्ग, प्रयोग र उदाहरणसमेत दिइएको छ । यसर्थ यो शोधकार्य पहिलो भाषाका रूपमा नेपाली सिक्ने र दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरू तथा शिक्षकहरूका लागि सहयोगी हुनेछ ।

### २.२.४ शैक्षणिक शब्दकोश निर्माणका समस्या

शब्दकोश कुनै पनि भाषाको समृद्धिको सूचक हो (नेवृश,२०७५) । शब्दकोश, शैक्षणिक शब्दकोश निर्माण गर्दा विविध समस्याहरूको सामना गर्नु पर्ने हुन्छ । समकालीन समयका पत्र पत्रिका, पुस्तक आदिबाट सामग्री सङ्कलन गरी शिष्ट प्रयोगमा रहेका शब्द छनोट गरिन्छ । पूर्ववर्ती कोशबाट पनि सामग्री सङ्कलन गर्न सकिन्छ । यसक्रममा प्रविष्टि चयन सम्बन्धी समस्या आउन सक्छन् । शब्दकोश निर्माणमा विभिन्न किसिमका समस्याहरू आउन सक्छन् :

- शब्दकोशमा कस्ता सूचनाहरू राख्ने ?
- शब्दहरूको अनुक्रम सम्बन्धी समस्या
- वर्णविन्यासगत एकरूपताको समस्या

- उच्चारण, अक्षरीकरण, स्रोत, व्युत्पत्ति, अर्थ, त्यसको समुचित र सन्दर्भपरक प्रयोग
- सामग्री सङ्कलन

उल्लिखित समस्याहरू आउन सक्ने हुँदा कोशकारमा भाषा र व्याकरणको अध्ययन गहन हुनु पर्दछ । कोश निर्माणको विधि र प्रविधिको जानकारीविना कोश निर्माणको कार्यले गति लिन सक्दैन । नेपालका सन्दर्भमा हेर्दा भाषिक विविधता एवम् परिवर्तनशीलताले गर्दा यो एक समस्यामूलक र चुनौतिपूर्ण कार्य रहेको पुष्टि हुन्छ ।

### २.२.५ शैक्षणिक शब्दकोशको उपयोगिता

शैक्षणिक शब्दकोश निर्माणमा विभिन्न किसिमका समस्या तथा चुनौतिहरू भए तापनि यो विद्यार्थीका लागि एकदमै उपयोगी सामग्री हो । विद्यार्थीहरूमा भाषिक सिप विकास गर्ने सिलसिलामा शब्दकोशको आवश्यकता पर्दछ । कारण विद्यार्थीले दोस्रो भाषाका रूपमा देवनागरी लिपिमा नेपाली भाषा पढ्नु पर्ने नेपालको राष्ट्रिय सन्दर्भ रहेको छ । नेपाली भाषाका जटिल शब्द र तिनको अर्थ, निर्माण प्रक्रिया र वर्णविन्यासगत नियमबारे सिकारुले अधिकतम ज्ञान र प्रयोग कुशलता हासिल गर्न यो आवश्यक ठहर्छ । पहिलो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीका तुलनामा दोस्रो भाषाका रूपमा नेपाली पढ्ने सिकारूका लागि शैक्षणिक शब्दकोश बढी महत्त्वपूर्ण हुन्छ (पौडेल,२०७०) । शब्दकोश सम्बन्धित भाषाको शब्दभण्डार हो । यसमा शब्द सम्बन्धी विभिन्न सूचनाहरू क्रमबद्ध र व्यवस्थित हुन्छन् । ती सूचनाबाट विभिन्न किसिमका शैक्षणिक प्रयोजन पूरा हुन सक्ने भएकाले शैक्षणिक शब्दकोशको महत्त्व रहेको छ ।

शिक्षक र विद्यार्थीलाई शुद्ध हिज्जे तथा अक्षर विभाजन जानकारी गर्नु, प्रचलित उच्चारण थाहा पाउनु, शब्दको मूल र व्युत्पन्न रूप थाहा पाउनु, भाषागत बोध र अभिव्यक्तिगत कुशलता ग्रहण गर्नु, सङ्क्षेप र परिवर्णीय शब्द चिन्न, शब्दको मूल्य र क्षेत्रबारे ज्ञान लिन, सम्बन्धित विषयको चित्र, नक्सा, तथ्याङ्क, तालिकाबारे जानकारी राख्न, व्यक्ति र ठाउँको जानकारी लिन, शब्दभण्डार क्षमता अभिवृद्धि गर्न, धर्मसंस्कृतिसम्बन्धी जानकारी लिन, शैक्षिक प्रचार प्रसार गर्न तथा पाठ्यक्रम पाठ्यपुस्तक निर्माण गर्न शैक्षिक शब्दकोशको महत्त्व रहेको छ । वर्णविन्यास सम्बन्धी जानकारी लिन, शब्दलाई वाक्यमा

प्रयोग गर्न, शब्दको सही उच्चारण गर्न र शब्दको निर्माण प्रक्रिया पहिचान गर्नु शैक्षणिक शब्दकोशको प्रयोजन हो । यद्यपि नेपालीमा कुनै तह वा कक्षा एवम् स्तरका लागि भनेर छुट्टै /अलग्गै मानक शब्दकोशको निर्माण भने भएको पाइँदैन (लुइँटेल, २०७४) ।

प्रस्तुत शोधकार्यका रूपमा तयार पारिएको नमुना शैक्षणिक शब्दकोशले छ कक्षामा अध्ययन गर्ने, विद्यार्थी, अध्यापन गराउने शिक्षकलाई प्रत्यक्षरूपमा सहयोग पुऱ्याउने छ भने कोशकार, सम्पादक तथा कोशसँग चासो राख्ने जोसुकैका लागि पनि उपयोगी हुनेछ । शैक्षणिक शब्दकोशले विद्यार्थी र शिक्षकलाई शिक्षण तथा सिकाइका क्रममा आइपरेका समस्यालाई समाधान गर्दछ । शब्दसम्बन्धी ज्ञान नभएमा त्यसको अर्थ, उदाहरण, पर्याय, विपर्याय तथा वाक्यमा प्रयोग आदि पक्षबाट प्रस्ट पारिएकाले यसको उपयोगिता रहेको छ ।

### २.२.६ **कोशको स्वरूप**

वर्तमान आधुनिक कोशका तीन भाग रहेका छन्, यसमा पूर्व भाग, मूल भाग र उत्तर भाग रहेका छन् । पूर्वभागमा शीर्षक, प्राक्कथन, सङ्क्षेप शब्दसूची, सङ्केत र चिह्न रहन्छ भने कोशको मुटुका रूपमा रहेको मूल भागमा शब्द र शब्दको अर्थ दिइएको हुन्छ । अन्तिम भागमा अर्थाङ्क, उखान टुक्का, उत्पादक शब्द, सम्बन्धित शब्द तथा समसामयिक कुराको जानकारी उत्तर भागमा दिइएको हुन्छ ।

शब्दकोशमा सम्बन्धित भाषाका भाषात्मक एकाइलाई बढी महत्त्व दिइएको हुन्छ भने संज्ञानात्मक पक्षको केही कमजोरी रहेको हुन्छ । साना, माझौला, ठुला एवम् विभिन्न स्वरूपका अनेकौँ कोशहरू यसअन्तर्गत पर्दछन् । जस्तै बृहत् नेपाली शब्दकोश (२०३३), नेपाली-नेपाली अङ्ग्रेजी कोश (२०२८) आदि यस सम्बन्धी उदाहरण हुन् (लुइटेल, २०५८) । शब्द सङ्कलन गरेर बुझ्ने गरी अर्थ खुलाई वाक्यमा प्रयोग गरी शब्दको व्युत्पत्तिसमेत खुलाएर राखेको शब्दको सङ्ग्रह नै शब्दकोश हो । कोशलाई सङ्क्षिप्त, स्पष्ट र व्यवस्थित बनाउनका लागि यसको स्वरूपलाई मूलत : तीन भागमा निम्नानुसार विभाजन गरिएको छ :

(क) **प्रविष्टि पूर्व (आदि भाग**

शब्दकोशको मूल भागभन्दा अगाडिको भागलाई प्रविष्टि पूर्व वा आदि भाग भनिन्छ । (लम्साल, २०५७ : ५८) । यसअन्तर्गत कोश निर्माण प्रक्रिया, प्रयोग निर्देशक, सङ्केत चिह्न र सङ्क्षेप रहन्छन् ।

(अ) कोश निर्माणसम्बन्धी आवश्यक जानकारी, कृतज्ञताज्ञापन, भूमिका, परिचय, सम्पादकीय, संशोधनीयका साथै कोश निर्माणमा अनुसरण गरिएको पद्धति आदि कुराहरू यसमा समावेश गरिए वा नगरिएको अध्ययन गरिन्छ ।

(आ) प्रयोग निर्देश : मूल प्रविष्टि, उपप्रविष्टि, व्याकरण निर्देश, व्युत्पादन स्रोत, समास, अर्थक्रम, सङ्ख्याङ्कन, वैकल्पिक प्रयोग, आगन्तुक शब्द, अर्थापन, प्रयोग, उदाहरण तथा तिनको प्रयोग सम्बन्धी जानकारी यसमा हेरिन्छ ।

(इ) सङ्केत चिह्न र सङ्क्षेप : शब्दकोशमा प्रयुक्त सङ्केत चिह्न र सङ्केतको अर्थ, विस्तारित रूपको प्रस्तुति कुन तरिकाबाट गरिएको छ भन्ने जानकारी यसबाट लिइन्छ ।

(ख) **प्रविष्टि (मूल भाग)**

यो कोशको वास्तविक भाग अर्थात साध्य हो । यसैका लागि सम्पूर्ण योजना, नियम, सामग्री सङ्कलन, सम्पादन, श्रम, व्यय आदि साधन जुटेका हुन् भनी सङ्केत गर्नु मूल भागको मर्म हो (लम्साल, २०५७ : ६९) । यो शब्दकोशको प्राण वा सारभाग हो । यसमा कोशीय एकाइ र तत्सम्बन्धी सूचनाको भण्डार हुन्छ । कोशको वास्तविक पहिचान तथा मूल मर्म समेटिएकाले यस भागलाई कोशको साध्यका रूपमा लिइन्छ । मूल भाग कोशको जीवन भएकाले यसलाई केन्द्रीय वा नाभिकीय भागका रूपमा लिने गरिएको पाइन्छ ।

शब्दकोशको मूल भागभित्र उद्देश्य, विधेयसम्बन्धी सूचनाहरू समावेश गरिएको हुन्छ । यसैगरी शीर्ष शब्द, हिज्जे, उच्चारण, व्याकरण निर्देश, व्युत्पत्ति, पर्याय, विपर्याय, अर्थ, उखान टुक्का प्रयोग तथा उदाहरणलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको हुन्छ भने पूर्व र उत्तर भागका तुलनामा यो भाग व्यापक र विस्तृत हुन्छ ।

(ग) **प्रविष्टि उत्तर (उत्तर भाग)**

यो कोशको अनिवार्य भाग नभएर ऐच्छिक भाग हो । यसलाई परिशिष्ट खण्डका रूपमा लिइएको छ । मूल भाग र त्यसको पूर्ववर्ती भागमा राख्न नमिल्ने वा कोशीय प्रविष्टिभन्दा विशिष्ट रूप र शैलीमा सन्दर्भ सामग्री रहने पश्चवर्ती भाग नै कोशको उत्तर भाग हो (लम्साल, २०५७ : ८४) । यस भागमा मूल भागका सामग्रीहरूलाई थप स्पष्ट पार्न पुरकका रूपमा दिनुपर्ने थप सूचनाहरू प्रस्तुत गरिएका हुन्छन् । यस भागमा सङ्क्षेप शब्दहरूको सूची, व्युत्पादक प्रत्ययहरू, नवप्राविधिक शब्दहरू, स्थान विशेष जनाउने नामहरू, विशिष्ट व्यक्तिका नाम, विभिन्न नाप तौलका एकाइ, राशि, नक्षत्र, थरगोत्र, विभिन्न मानपदवी, तक्मा, गणितशास्त्रका चिह्नहरू, प्रचलित उखान टुक्काको सूची लगायतका विभिन्न सूचनाहरू समावेश गरिएका हुन्छन् । कोशको अनिवार्य अङ्ग नभएकाले तथा मूल भागकै सम्पूरकका रूपमा रहने भएकाले यसलाई कोशको पश्चवर्ती तथा बाह्य अङ्ग पनि भनिन्छ ।

यसरी हेर्दा कोशको सामान्य स्वरूपलाई मुख्यतः तिन भागमा बाँड्न सकिन्छ : पूर्व भाग, मूल भाग र उत्तर भाग । यिनमा कोशको मूल स्वरूप भने मूल भाग नै हो । मूल भाग कोशको मुटु हो भने पूर्व भाग र उत्तर भाग कोशका शरीर हुन् ।

### २.२.७ कोश सम्पादन प्रक्रिया

व्यवस्थित तरिकाबाट कोश बनाउने कार्यलाई कोश सम्पादन भनिन्छ । यसलाई कोश विधान पनि भनिन्छ । कोश सम्पादनमा निकै कष्ट, समय र आर्थिकको आवश्यकता पर्दछ । कोशको निर्माण गर्ने कलालाई कोशकला भनिन्छ । कोश निर्माण कार्य अनवरत त्यागमय तपस्याको परिणाम हो । (लम्साल, २०५७ : ९५) । भाषासम्बन्धी ज्ञानविज्ञानका विभिन्न क्षेत्रलाई समेटेर शैक्षणिक कोशको निर्माण गर्नु चुनौतिपूर्ण कार्य हो । यस कार्यलाई सफल, व्यवस्थित र वैज्ञानिक बनाउनका लागि निश्चित विधि र प्रक्रियाको अवलम्बन गर्नु पर्दछ । कोश सम्पादन प्रक्रियालाई तीन चरणमा विभाजन गरी चर्चा गरिएको छ ।

(क)　**पहिलो चरण**

यो कोश सम्पादन कार्यको आयोजनाको चरण हो । यसमा सम्बद्ध कोशका लागि आवश्यक योजना, सामग्री सङ्कलन र प्रविष्टि चयन जस्ता कार्यहरू पर्दछन्, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(अ)　**कोश निर्माण योजना**

पूर्व तयारीको प्रष्ट खाका तथा रूपरेखा निर्माण गर्नु नै कोश निर्माण योजना हो । निर्माण गर्न लागेको कोशको प्रकृति, प्रयोजन, महत्त्व, सामग्री सङ्कलन विधि, प्रविष्टिहरूको छनोट तथा सो सम्बन्धी सूचनाको प्रस्तावना प्रस्तुत गर्नुलाई कोश निर्माण योजना भनिन्छ (लामिछाने, २०७० : ४६) । कालक्रमिक वा समकालिक कुन भाषा सामग्रीमा आधारित हुने हो भन्ने कुरा स्पष्ट हुनु पर्दछ । कोश निर्माण योजनामा कोशको प्रकृति, विधि, सामग्री सङ्कलन, आर्थिक स्रोत, कोश सूचनालाई कसरी समावेश गर्ने, कसले कोश निर्माण गर्ने, कति समयमा निर्माण गर्ने आदि कुरालाई स्पष्ट पार्नका लागि कोश निर्माण योजनाको आवश्यकता पर्दछ ।

कोश निर्माणकालमा क्रमश : यी विषयसँग सम्बद्ध पक्षहरूमा आवश्यक निर्देशन गरिनु पर्दछ (लम्साल, २०५७ :९७) : कोशको प्रयोजन, प्रयोक्ता र क्षेत्र, सामग्री सङ्कलन, शब्दसूची, प्रविष्टिको स्वरूप, अर्थविधान विधि र क्रम, व्याकरण निर्देशन, उच्चारण र हिज्जे, उदाहरण, चित्राङ्कन, विवृति र बीजकको प्रयोग, उखान टुक्कासम्बन्धी प्रयोग, व्युत्पादक सर्गको संयोजन र व्युत्पत्ति विधान कोश सम्पादनको आधारभूत पक्ष योजना निर्माण हो । यसर्थ योजनाविना कोश निर्माण कार्यलाई गन्तव्यमा पुऱ्याउन सकिँदैन । कोशलाई व्यवस्थित र वैज्ञानिक बनाउन कोश निर्माण योजनाको आवश्यकता पर्दछ ।

(आ)　**सामग्री सङ्कलन**

कोश निर्माण योजना पछिको दोस्रो आधारभूत पक्ष सामग्री सङ्कलन हो । कोशको प्रकार र प्रयोजनअनुसार सामग्री सङ्कलनमा भिन्नता पाइन्छ । भाषाको व्यवस्था हेरी लिखित र अलिखित स्रोतका सामग्री सङ्कलन गरिन्छ :

(क) **लिखित स्रोत**

लिखित स्रोतका सामग्री सङ्कलन गर्दा ४"× ३" को पत्तिको प्रयोग गरी प्रामाणिक सामग्री सङ्कलन गरिन्छ । कोशपत्तिमा शब्दको प्रकृति र त्यसको सूचनासम्बन्धी विवरण अनुक्रममा राखेर सामग्री सङ्कलन गर्नु पर्दछ (लामिछाने, २०७० :४८) । अवतरण विधिमा दुई तरिकाबाट सामग्री सङ्कलन गर्न सकिन्छ :

१. **सामान्य अवतरण**

सामग्री सङ्कलन गर्दा सम्बन्धित साहित्यबाट सामान्य क्षेत्रसित सम्बद्ध अर्थका लागि कोशीय एकाइहरूको सङ्कलन गर्नु सामान्य अवतरण हो (लम्साल, २०५७ : ९९) । यसमा शब्दको सामान्य अर्थमात्र दिइएको हुन्छ ।

२. **विशिष्ट अवतरण**

विशिष्ट अवतरण विशिष्ट वा प्राविधिक क्षेत्रसँग सम्बन्धित अर्थका लागि शब्दहरूको सङ्कलन गर्न यो विधि प्रयोग गरिन्छ (लम्साल, २०५७ : ९९) । यसलाई पनि दुई भागमा विभाजन गरिन्छ :

- **पूर्ण अवतरण/समुचयात्मक**

सामग्री सङ्कलन गर्न लागिएको कृतिमा प्रमुखतामा समग्र अर्थलाई समावेश गरी अर्थ नदोहोरिने तरिकाले शब्द सङ्कलन गर्ने प्रक्रिया पूर्ण अवतरण हो (लम्साल, २०५७ : ९९) । यसलाई समुचयात्मक अवतरण पनि भनिन्छ ।

- **आंशिक अवतरण/चयनात्मक**

आवश्यकताअनुसार खास खास कोशीय एकाइ अवतरण गरी सामग्री सङ्कलन गर्नु नै चयनात्मक वा आंशिक अवतरण हो ( लम्साल, २०५७ : ९९) ।

(ख) **अलिखित स्रोत**

यस विधिबाट सामग्री सङ्कल गर्दा मूल भाषाका वक्तालाई मुख्य सूचक मानी सामग्री सङ्कलन गरिन्छ । सामग्री सङ्कलन गर्दा छनोट गरिएको सूचक सबै खाले वर्ग र समूहको प्रतिनिधित्व गर्न सक्ने हुनु पर्दछ । अलिखित स्रोतबाट सामग्री सङ्कलन गर्दा

टेपरेकर्डर, प्रश्नावली तथा शब्दपत्तिको प्रयोग गरिन्छ । समय, श्रम र आर्थिक हिसावले लिखितका दाँजोमा अलिखित स्रोतबाट सामग्री सङ्कलन कठिन हुन्छ ।

**(इ) प्रविष्टि चयन**

कोशमा प्रवेश गराइएको मुख्य कोशीय एकाइलाई प्रविष्टि भनिन्छ । यसलाई कोशीय एकाइ अथवा कोशीम पनि भनिन्छ (लम्साल, २०५७ : १०३) । यसलाई शीर्ष वा मूल प्रविष्टि पनि भनिन्छ (लुइटेल, २०५८ : ६०) । प्रविष्टि चयनलाई कोशको प्रकृति, प्रयोजन र आकारले सीमित, व्यापक वा विशिष्ट बनाउँछ । उदाहरणका लागि सन्दर्भपरक कोशमा भाषाका सबै खाले शब्दहरूले प्रविष्टि पाउँदैनन् भने मानक कोशमा औपचारिक परिवेश तथा लेख्य रूपमा प्रयोग भएका शब्दहरूले मात्र प्रविष्टि पाउँछन् । प्रविष्टि चयन गर्दा निम्नलिखित कुरामा ध्यान दिनु पर्छ :

**(क) प्रचलित शब्द**

सम्बन्धित भाषाका बहुप्रचलित शब्दहरू भाषिक प्रयोगका क्रममा बढी आवृतिमूलक र प्रयोगशील हुन्छन् । यस्ता शब्दले प्रविष्टि चयनमा बढी प्राथमिकता पाउँछन् ।

**(ख) अप्रचलित शब्द**

पहिले बढी प्रचलनमा रहेका शब्दहरू हाल आएर चलनचल्तीमा कम प्रयोग हुने शब्दहरू नै अप्रचलित शब्द हुन् । जस्तै : माना, पाथी, सुकी आदि । यस्ता शब्दहरूले ऐतिहासिक कोशमा बढी प्रविष्टि पाउँछन् ।

**(ग) अभिनव शब्द**

सिर्जनात्मक स्वरूप वा आदानात्मक प्रवृत्तिद्वारा विकसित भई सम्बन्धित वक्ताबाट नवीन अनुभूत शब्दलाई अभिनव शब्द भनिन्छ (लम्साल, २०५७ : १०४) ।

**(घ) प्राविधिक शब्द**

कला, विज्ञान, शिल्प, प्रविधि तथा बहुप्राविधिक क्षेत्रसँग सम्बन्धित विशेष अर्थ भएको शब्द प्राविधिक शब्द हो । जस्तै : रस, विहा, निकुञ्ज, सर्वेक्षण आदिलाई समावेश गर्न सकिन्छ । तर यस्ता शब्द सामान्य शब्दकोशमा समावेश गर्नु भने उपयुक्त हुँदैन ।

(ङ) **रिक्त शब्द**

स्वतन्त्र प्रयोग हुन नसक्ने तर कुनै भाषिक संरचनाको प्रयोगमा आउन सक्ने शब्दलाई रिक्त शब्द भनिन्छ । जस्तै : आनिबानी शब्दमा आनी र चरा चुरुङ्गी शब्दमा चुरुङ्गी यसका उदाहरण हुन् (लम्साल, २०५७ : १०५) । यस्ता शब्दले कोशमा प्रविष्टि पाउने वा नपाउने भन्ने कुरा कोशको प्रकृतिका आधारमा निर्धारण गरिन्छ ।

(च) **सम्बन्धपरक शब्द**

जुनसुकै भाषिक संरचनामा प्रयोग हुन सक्ने प्रकार्यात्मक तथा व्याकरणात्मक प्रकृतिका शब्द नै सम्बन्धपरक शब्द हुन् (लामिछाने, २०७० : ५३) । यिनले पदावलीलाई जोड्ने काम गर्दछन् । यसमा विभक्ति, संयोजक आदि शब्द पर्दछन् । जस्तै : ले, बरै, तैपनि, तर, के, वा आदि । यस्ता शब्दहरूलाई शब्दकोशमा यसप्रकारले प्रविष्टि दिइएको हुन्छ :

तर–संयो[सं.तर्हि] त्यसो हो तापनि, परन्तु, किन्तु । (उदा. मेहनत त निक्कै पऱ्यो तर मूल्याङ्कन कस्तो हुन्छ थाहा छैन ।)

(छ) **समस्त शब्द**

समास प्रक्रियाद्वारा निर्मित शब्दलाई समस्त शब्द भनिन्छ (लम्साल, २०५७ : १०६) । जस्तै : लामखुट्टे, मृगनयनी, दिनदिनै, आजभोलि आदि । यस्ता शब्दले अन्तर्निष्ठ वा विग्रहात्मक अवयवभन्दा विशेष अर्थ बुझाएमा ती शब्दलाई अलग्गै प्रविष्टिमा राखिन्छ ।

(ज) **व्यक्तिवाचक शब्द**

नाम भाषाको शब्दभण्डार अन्तर्गत पर्दैनन् तर केही नामहरूको ऐतिहासिक महत्त्व हुने भएकाले यिनको प्रवेश कोशमा गराइन्छ । जस्तै : राम, सीता, जनक, सगरमाथा आदि ।

(झ) **सङ्क्षेप तथा परिवर्णी शब्द**

चलनचल्तीका संघ संस्थाका नाम तथा कार्यहरूको नामलाई सङ्क्षेपमा शब्दमा प्रयोग गरिन्छ । जस्तै : गो.प., ने.प्र.प्र., जि.प्र.का., त्रि.वि. आदि । यस्ता शब्दको प्रविष्टि मूल भागमा नगरी प्रविष्टिमा दिने प्रचलन भए पनि बहुप्रचलित शब्दलाई मूलभागमा प्रविष्टि दिनुपर्दछ ।

(ञ) **समुच्चयात्मक अभिव्यक्ति**

दुई वा सोभन्दा बढी शब्दहरू मिली एकीकृत रूपमा अर्थ प्रदान गर्ने भाषिक संरचनालाई समुच्चयात्मक अभिव्यक्ति भनिन्छ (लम्साल, २०५७ : १०६) । जस्तै : शिक्षा तथा खेलकुद मन्त्रालय, नेपाल सरकार, मानविकी र सामाजिकशास्त्र आदि ।

(ट) **सर्ग**

सर्गभित्र उपसर्ग र परसर्ग पर्दछन् । सर्गलाई पनि मूल प्रविष्टिभित्र राख्नुपर्दछ ।

(ठ) **उखान टुक्का र उद्धरण**

उखान टुक्काले कुनै पनि भाषाको निजीपनलाई व्यक्त गर्दछ । कुनै भाषिक समुदायको सामाजिक र सांस्कृतिक पक्षलाई समेटी विशिष्ट अर्थ प्रदान गर्ने काम उखान टुक्काले गर्दछन् । उखानहरू मुख्य प्रविष्टिको वर्णानुक्रम अनुरूपभन्दा अर्थको केन्द्रीयतालाई ध्यानमा राखेर समावेश गरिएका हुन्छन् ।

(ड) **निपात**

आफ्नो स्वतन्त्र अर्थ नभएका तर प्रयोगका सन्दर्भमा विशेष अर्थ व्यक्त गर्ने शब्द निपात हो । यी शब्दलाई शब्दकोशमा भिन्न प्रविष्टि दिनु आवश्यक हुन्छ ।

(ढ) **वर्ण**

स्वर र व्यञ्जन वर्णलाई मूल प्रविष्टिमा स्थान दिनु राम्रो मानिन्छ ।

(ण) **वैकल्पिक प्रविष्टि**

शब्दले दिने अर्थ एउटै हुने तर ती शब्दहरू विकल्पको रूपमा आउने गर्दछन् । यस्ता वैकल्पिक शब्दलाई एकभन्दा बढी ठाउँमा स्थान दिनु पर्दछ । जस्तै : बिर्सनु/बिर्सिनु, सम्झनु/सम्झिनु आदि ।

(ख) **दोस्रो चरण**

यसमा कोशीय प्रविष्टि र त्यससँग सम्बन्धित जानकारी दिने काम गरिन्छ । यसलाई उद्देश्य र विधेय खण्ड गरी दुई भागामा विभाजन गरिन्छ :

(अ) **उद्देश्य खण्ड**

शीर्ष शब्दसँग सम्बन्धित सूचनाहरूलाई यस खण्डमा दिइन्छ, जुन यसप्रकार छन् :

(क) **शीर्ष शब्द**

शब्दकोशको प्रविष्टिमा समावेश गरिएको कोशीय एकाइ नै शीर्ष शब्द हो (ढकाल, २०६५ : २०७) । यसलाई मूल प्रविष्टि भनिन्छ भने गाढा काला अक्षरमा वर्णानुक्रममा प्रस्तुत गरिएको हुन्छ । जस्तै : अंशबन्डा (अंश+बन्डा) ना. दाजुभाइहरूका बिच गरिने पुर्ख्यौली सम्पत्तिको बाँडफाँड ।

(ख) **हिज्जे**

शीर्ष शब्दको आधिकारिक वर्णविन्यास हिज्जे हो (लामिछाने, २०७० : ५५) । शीर्ष शब्दको वर्णविन्यास लेख्य भाषाको मानक वर्णविन्यास अनुसार हुन्छ । शीर्ष शब्दको उदाहरणमा आएको अंशबन्डा नै हिज्जे हो ।

(ग) **उच्चारण**

शब्दको आधिकारिक वा मानक ध्वन्यात्मक रूप नै उच्चारण हो (लामिछाने, २०७० : ५५) । कोशमा शीर्ष शब्दसँगै उच्चारणको निर्देश गरेको हुन्छ । प्रयोजनपरक, सन्दर्भपरक उच्चारण कोश दोस्रो भाषा भाषीका लागि आवश्यक हुन्छ । जस्तै : विद्यार्थी – विद्‌यार्थी, कन्या–कन्‌–न्या आदि ।

(घ) **व्याकरण निर्देश**

व्याकरणात्मक अर्थसम्बन्धी सूचनालाई सङ्क्षेपमा सङ्केत गर्नु व्याकरण निर्देश हो ( लामिछाने, २०७० : ५५) । शब्दको मूल स्रोत सम्बन्धी ज्ञानका लागि यो आवश्यक हुन्छ । उद्देश्य खण्डका व्याकरण निर्देशले शब्दको स्वरूप पहिल्याउन र विधेय खण्डको निर्देशले शब्दको स्वरूप पहिल्याउन र अर्थगत सूचनाको पहिचान गर्न मद्दत गर्दछ । जस्तै : केटी – ना. (सानु./ती केटी.पुरुष केटो)

(ङ) **स्रोत निर्देश**

प्रविष्टिमा दिइएको शब्द कुन स्रोत र कुन भाषाको हो उल्लेख गर्नु नै स्रोत निर्देश हो (लुइटेल, २०५८ : ६४) । नेपाली भाषाको वर्णविन्यास कतिपय स्थितिमा शब्दको स्रोतमा

आधारित रहेकाले स्रोत निर्देश सूचनाले नेपाली वर्णविन्यासको स्वरूपलाई पहिचान गर्न समेत मद्दत पुग्दछ । जस्तै :

गृह (सं.), पटुकी (आ.), पूर्वीय (तत्स.)

(च) **व्युत्पत्ति**

रूप र अर्थका दृष्टिले शब्दको विकासक्रम निर्देश गर्नु नै व्युत्पत्ति हो । शब्दको विकास, स्रोत, मूल घटक, ध्वन्यात्मक तथा अर्थात्मक विकास पत्ता लगाई वास्तविक स्वरूप चिनाउन यसको भूमिका रहन्छ । शब्दकोशमा व्युत्पत्तिलाई अगाडि कोष्ठकभित्र यसरी देखाइन्छ :

पुर्ख्यौली – [पुर्खा + यौली] (समकालिक व्युत्पत्ति)

अग्लो – [<अलका], सिङ्गो – [<सिङ्गल] (ऐतिहासिक व्युत्पत्ति)

(आ) **विधेय खण्ड**

शीर्ष शब्दको अर्थ र अर्थविधानसम्बन्धी सूचना तथा विवरणहरू समेटिएको खण्ड नै विधेय खण्ड हो । शब्दकोशको मुख्य लक्ष्य शीर्ष शब्दको आर्थी सूचना दिने भएकाले यसलाई कोशको नामिकीय पक्ष भनिन्छ । यहाँ विभिन्न खण्डको अर्थविधान गरिन्छ :

(क) **परिभाषीकरण**

यसमा शब्दको व्याख्या, वर्णन र परिचय दिइन्छ । शब्दको परिभाषीकरण भनेको एउटा शब्दलाई अरू शब्दद्वारा अर्थ्याउन खोज्नु हो । यसक्रममा अतिव्याप्ति दोष र परिभाष्य शब्दको चक्रियतासम्बन्धी दोषबाट जोगिएर निष्पक्ष र सान्दर्भिक ढङ्गले परिभाषा दिइनु पर्दछ । जस्तै :

झन्डै – क्रियो. */सं/* १.पुग नपुग, लगभग । २. करिब ।

(ख) **पर्याय**

समान अर्थ बुझाउने अर्को शब्दलाई पर्याय भनिन्छ (भण्डारी र अन्य, २०६८ : १५८) । कोश सम्पादनका क्रममा शीर्ष शब्दको अर्थ प्रस्ट पार्न उपयुक्त र सजिलो माध्यम पर्याय दिनु हो । जस्तै :

कर्ण – ना. [सं] कान ।

(ग) **विपर्याय**

शीर्ष शब्दको उल्टो अर्थ दिने शब्दलाई विपर्याय भनिन्छ (लम्साल, २०५७ : १२४) । शब्दको अर्थ स्पष्ट पार्न परिभाषा र पर्याय शब्दहरूले मात्र नभई विपर्याय शब्दको समेत प्रयोग गर्नुपर्छ । जस्तै :

आकाश – ना. –पाताल, धेरै (वि.) – थोरै ।

(घ) **उदाहरण**

कोशका सबै शीर्ष शब्दहरूको उदाहरण दिन नसकिने भए पनि उखान टुक्का जस्ता शब्दहरूमा उदाहरणको महत्त्व अनिवार्य रहेको हुन्छ । यस्ता उदाहरण दिँदा कुनै सङ्कथनमा व्यक्त गरिएका उदाहरणलाई समावेश गर्नु राम्रो मानिन्छ । जस्तै : अनारदाना – ना. १. अनार फलभित्रको रसदार स्वादिलो गेडा । वि.२ अनारको दानाजस्तो । (उदा. अनारदाना खोलेर हाँसिन् ।)

(ङ) **चित्राङ्कन**

कोशीय एकाइको अर्थ स्पष्ट पार्न चित्र, रेखाचित्र आदिको प्रयोग गर्ने तरिकालाई चित्राङ्कन भनिन्छ (लम्साल, २०५७ : १३२) । शब्द र अर्थले स्पष्ट पार्न नसकेको अर्थलाई चित्रले स्पष्ट पार्दछ । तर कोशकारले यस पद्धतिको प्रयोग भने खासै गर्न सकेको देखिँदैन ।

(च) **विवृत्ति**

शब्दको अर्थलाई स्पष्ट पार्न अर्थ दिइसकेपछि त्यसबारे छोटो टिप्पणी वा व्याख्यालाई विवृत्ति भनिन्छ (अधिकारी, २०६७ : २२८) । यसले शब्दको अर्थ, व्याकरणात्मक, प्रयोग सन्दर्भ आदि विशेषता औँल्याउने काम गर्दछ । यसलाई कोष्ठकमा जनाइन्छ । जस्तै :

उत्थान –ना. [तत्स.] ना. १. तल रहेको वस्तुलाई माथि उचाल्ने वा उठाउने काम । २. उन्नती, प्रगति, विप. पतन । (उदा. देशको उत्थान, समाजको उत्थान)

छोरो–ना. (बहु./ति. छोरा, स्त्री : छोरी) ।

(छ) **बीजक**

शब्दको प्रयोग क्षेत्रलाई जनाउन प्रयोग गरिने कुनै शब्द वा पदावलीलाई बीजक भनिन्छ (लम्साल, २०५७ : १२४) । कोशमा यसको मुख्य प्रयोजन न्यूनतम स्थानमा अधिकतम सूचना दिनु हो । यसले शब्दको प्रकार्यपरक (व्याकरणात्मक), विषयपरक (कानून, साहित्य, कृषि, विज्ञान आदि) तथा स्तरपरक (शिष्ट, गाली, भाषिका, स्थानीय क्षेत्रका नाम आदि ) । शब्दको प्रयोग क्षेत्रलाई सङ्केत गर्ने काम गर्दछ । जस्तै :

कलम – ना. । पढ्नु –स.क्रि.(व्याकरण)

हसुर्नु – खानु (गाली) बेलौती – अम्बा (भाषिका)

(ज) **प्रतिनिर्देश**

शीर्ष शब्दसँग अर्को शब्दको सम्बन्ध देखाउनु प्रतिनिर्देश हो (लम्साल, २०५७ : १२९) । शब्दको समानता असमानता, पूरकताका आधारमा कोशीय एकाइ बिचको अन्तर्सम्बन्धलाई प्रस्ट पार्दछ । कुनै प्रविष्टिको सम्बन्ध अर्को प्रविष्टिसँग गराएको हुन्छ भने त्यो व्यक्त प्रतिनिर्देश हो । प्रस्ट रूपमा कुनै प्रविष्टिको निर्देश [<अलका.] नगरी प्रत्यक्ष रूपमा नै त्यसको निर्देश पद्धति अपनाएको छ भने त्यसलाई अव्यक्त प्रतिनिर्देश भनिन्छ । जस्तै : खोर्सानी – हे. खुर्सानी । राम्रो – वि.प. – नराम्रो ।

(ग) **तेस्रो चरण**

कोश सम्पादनको तेस्रो चरण रूपविधानको चरण हो । कोशको अन्तिम चरण भएकाले यसमा कोशमा सम्बद्ध सबै सामग्रीलाई प्रयोक्ताको आवश्यकता र कोशको प्रयोजनअनुसार सहज किसिमले समावेश गरी व्यवस्थित गरेर मुद्रण गरिन्छ । यस चरणका आधारभूत चरणहरू यसप्रकार छन् :

(अ) **प्रविष्टि अनुक्रम**

निश्चित आधारअनुसार कोशमा प्रविष्टिको क्रमिक विन्यास गर्नु प्रविष्टि अनुक्रम हो । सामान्यतः यो गहन मानिँदैन यद्यपि कोशमा यसको महत्त्वपूर्ण भूमिका हुन्छ । यसका आधारमा नै कोशले वैज्ञानिकता ग्रहण गर्दछ । यस्ता अनुक्रम निम्न तिन किसिमका हुन्छन् :

(क) **वर्णानुक्रम**

यसमा सम्बन्धित भाषाको वर्णमालाअनुसार पहिलो, दोस्रो आदि वर्णानुक्रमबाट उठेका शब्दलाई क्रमिक रूपमा शब्दकोशमा स्थान दिइन्छ । यसमा चन्द्रविन्दु, शिरविन्दु, विसर्गलाई क्रमशः वर्णक्रमको सबैभन्दा अगाडि राखिन्छ भने क्ष, त्र, ज्ञ लाई क्रमशः क, त, ज वर्णक्रममा राखिन्छ । शब्दकोशको आदि, मध्य र अन्त्य भागसम्म वर्णानुक्रमको स्थिति भङ्ग हुन दिनु हुँदैन ।

(ख) **विषयानुक्रम**

विषयानुक्रमलाई विचारपरक, आर्थी वा वर्गात्मक अनुक्रम पनि भनिन्छ । यसमा कुनै ठाउँमा वनस्पति, कुनै ठाउँमा शारीरिक अवयव त कुनै ठाउँमा जनावर जनाउने शब्दहरू राखी विषयअनुरूप वर्गीकरण गरिन्छ (लम्साल, २०५७ : १३६) । यसमा कुनै एक विषयका पछाडि अर्को विषयका विषयका शब्दलाई क्रमशः क्रम मिलाएर राखिन्छ ।

(ग) **विविध अनुक्रम**

यसमा वर्णानुक्रम र विषयानुक्रम बाहेकका अन्य सबै अनुक्रमलाई समावेश गरिएको हुन्छ । विचार, सुर, लय, धातु, व्युत्पादन जस्ता अनुक्रममा हुने कोश नै विविध अनुक्रम कोश हो ।

(आ) **प्रविष्टि विन्यास**

कोशीय एकाइ र त्यससँग सम्बन्धित विवरणको सङ्कलन गर्ने कार्य नै प्रविष्टि विन्यास हो (लम्साल, २०५७ : १३७) । यसलाई पनि निम्न दुई प्रकारमा विभाजन गरिन्छ :

(क) **मूल प्रविष्टि**

कोशमा बायाँपट्टि रहेका गाढा केही ठुलो आकारको शीर्ष शब्द नै मूल प्रविष्टि हो । जस्तै : अकस्मात - (तत्स.) क्रियो. अचानक, एक्कासि, एकाएक । घाम लाग्दा लाग्दै अकस्मात पानी पऱ्यो ।

(ख) **उपप्रविष्टि**

शीर्ष शब्दको गर्भ वा पेटबोलीमा रहेको भाग नै उपप्रविष्टि हो (लम्साल, २०५७ : १३८) । बारम्बार मूल प्रविष्टिको पुनरावेत्तिलाई रोक्नका लागि यसको प्रयोग गरिन्छ । यसले

न्यूनतम स्थानमा अधिकतम सूचना दिन र सूचनाको प्रस्तुतिमा सङ्क्षिप्तता ल्याउन मद्दत गर्दछ भने यसलाई निडन (~) चिह्नले देखाइन्छ । जस्तै :

हतियार– ना.[सं.] हातले समातेर काटमार आदि गरिने अस्त्र (खुकुरी, तरबार, बन्दुक आदि) । ~ धारी – वि. धारण गर्ने, ग्रहण गर्ने ।

(इ) **नीडन**

शीर्ष शब्दको उपप्रविष्टिलाई जनाउन नीडन चिह्नको प्रयोग गरिन्छ । नीडन मूल प्रविष्टिको विस्तारको रूपमा आएको हुन्छ । (अधिकारी, २०६७ : २३०) यसले शीर्ष शब्दको प्रतिनिधित्व गर्दछ । नीडनलाई अङ्कुशे वा निर्देशक चिह्न (~/–) ले सङ्केत गरिन्छ । जस्तै : आश्रयस्थल - (तत्स.) ना. विश्राम वा आरामका लागि सहज र सुविधा हुने ठाउँ ।

हतियार– ना.[सं.] हातले समातेर काटमार आदि गरिने अस्त्र (खुकुरी, तरबार, बन्दुक आदि) । ~ धारी – वि. धारण गर्ने, ग्रहण गर्ने ।

(ई) **संयुक्त प्रविष्टि**

कोशमा अर्थ, उदाहरण, टिप्पणी आदि समावेश नगरिएको कोशीय प्रविष्टिमा रहने उपप्रविष्टि र नीडन समानको भाग संयुक्त प्रविष्टि हो (लम्साल, २०५७ : १४३) । नेपाली भाषामा ता, नु, ने, न जस्ता प्रत्ययलाई जनाउन यसको प्रयोग गरिन्छ । जस्तै : नियमित– वि. १. नियममा बाँधिएको । २. कार्यालय, विद्यालय आदिमा निरन्तर उपस्थित । ३. निश्चित । ~ ता–ना ।

(उ) **चिह्न प्रयोग**

चिह्नहरूको सही प्रयोगले कोशलाई व्यवस्थित बनाउने काम गर्दछ । कोश सम्पादनका क्रममा निम्नलिखित चिह्नको प्रयोग गर्नुपर्दछ :

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्णविराम | । | अल्पविराम | , | अर्धविराम | ; |
| प्रश्नवाचक | ? | योजक/निर्देशक | – | विस्मयादिबोधक | ! |
| नीडन | ~ | वाण | ← | विकल्प | / |

| | | |
|---|---|---|
| सङ्क्षेपीकृत . | समानान्तर = | तारा * |
| ठूलो कोष्ठक [ ] | सानो कोष्ठक ( ) | एकल उद्धरण ‘ ’ |
| दोहोरो उद्धरण “ ” | अगाडि देखाउने व्युत्पन्न < | पछाडि देखाउने व्युत्पन्न > |

(ऊ) **पूर्वोत्तर भागको संयोजन**

कोशको पूर्वभागमा रहेका मूमिका, कृतज्ञताज्ञापन, परिचय, कोश निर्देशिका आदि पक्षलाई व्यवस्थापन गर्नुका साथै उत्तर भागको परिशिष्टमा रहेका पक्षहरूको व्यवस्थापन गर्ने काम गरिन्छ। यससँगै कोश सम्पादनको कार्य पनि सम्पन्न हुन्छ।

समग्रत : कोश सम्पादन भन्नाले सम्बधित भाषाका शब्ददेखि लिएर तत्सम्बन्धी विभिन्न सामग्रीहरू सङ्कलन गर्नु भन्ने बुझिन्छ (ढकाल, २०७०: ८९) । यस प्रक्रियालाई मुख्यगरी तीन चरणमा विभाजन गरेर हेरिन्छ । पहिलो चरणमा कोश निर्माण योजना, सामग्री सङ्कलन र प्रविष्टि चयन पर्दछन् । यो कोश सम्पादनको आयोजना चरण हो । दोस्रो चरणमा दद्देश्य र विधेय खण्ड पर्दछन् । उद्देश्य खण्डअन्तर्गत शीर्ष शब्द, हिज्जे, उच्चारण, व्याकरण निर्देश, स्रोत निर्देश, व्युत्पादन आदि पर्दछन् । त्यसैगरी विधेय खण्डअन्तर्गत शब्दको परिभाषीकरण, पर्याय, विपर्याय, चित्राङ्कन, उदाहरण, विवृत्ति, बीजक र प्रतिनिर्देश पर्दछन् । यो चरण कोश निर्माणमा प्रविष्टि विधानको चरण हो । कोश निर्माणको अन्तिम चरणअन्तर्गत अनुक्रम, प्रविष्टि विन्यास, नीडन, संयुक्त प्रविष्टि, चिह्न प्रयोग तथा पूर्वाधार भागको संयोजन पर्दछन् । कोश सम्पादनको यस चरणलाई रूपविधानको चरण पनि भनिन्छ।

# अध्याय तीन

# अध्ययनविधि र प्रक्रिया

समस्यामा आधारित शोधलाई उद्देश्यपूर्ण बनाउन शोधविधिको आवश्यकता पर्दछ । शोधकार्य प्रारम्भ गर्दा कस्तो विधि, प्रक्रिया र सामग्रीको उपयोग गर्न सकिन्छ भन्ने कुराको खाका वा योजना नै शोधविधि हो । प्रस्तुत अध्ययनमा शोधविधिले शोधकार्यलाई वयवस्थित र सरल ढङ्गले सम्पन्न गर्न मद्दत गरेको छ । शोधकार्यमा प्रयोग गरिने नमुना छनोट, तथ्याङ्क र तिनका स्रोतहरू, तथ्याङ्क सङ्कलन प्रक्रिया, यसको विश्लेषण तथा प्रस्तुति जस्ता पक्षको निर्धारण यसमा गरिन्छ ।

तोकिएको उद्देश्य परिपूर्ति गर्नका लागि अध्ययनको स्वरूप हेरेर अध्यन गर्ने तरिकाको निर्क्योल गरिएको छ । प्रस्तुत शोधकार्य गर्नका लागि मुख्यतः पुस्तकालय अध्ययन विधि र सहायक रूपमा क्षेत्रगत अध्ययन प्रक्रिया अवलम्बन गरिएको छ । पुस्तकालयीय अध्ययन तथा क्षेत्रगत अध्ययनबाट सङ्कलित सामग्रीलाई व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरेर नमुना शब्दकोश निर्माण गरिएको छ ।

## ३.१ जनसङ्ख्या

प्रस्तुत अध्ययनका लागि छ कक्षाको भाषापाठ्यपुस्तक (नेपाली) मा भएका शब्दहरू र शैक्षिक सत्र २०७५ मा कक्षा छमा अध्ययनरत कैलाली जिल्लाका सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३.२ नमुना छनोट

प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न कठिन हुने भएकाले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व हुने गरी कैलाली जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका छ कक्षामा अध्ययनरत ३० छात्रा र ३० छात्र गरी जम्मा ६० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिई सम्भाव्य नमुना छनोट पद्धतिअन्तर्गत यादृच्छिक विधिको चिठ्ठा प्रणालीद्वारा विद्यार्थीहरूलाई छनोट गरिएको छ । सरल, मध्यम र कठिनताका आधारमा छ कक्षाको नेपाली पाठ्यपुस्तकबाट नमुनाका रूपमा १० शब्दहरू सङ्कलन गरिएको छ ।

यसैगरी भौगोलिक सहजताका आधारमा नमुना प्रश्न परीक्षणका निम्ति पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयलाई छनोट गरिएको छ । छनोटमा परेका विद्यालय र विद्यार्थीको नामावली परिशिष्टमा राखिएको छ ।

## ३.३ सामग्री सङ्कलनका स्रोत

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका निम्ति यस अनुसन्धानलाई व्यवस्थित, प्रामाणिक र वस्तुनिष्ठ बनाउनका लागि प्राथमिक र द्वितीयक सामग्रीको उपयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनमा प्राथमिक स्रोतका सामग्रीको रूपमा कक्षा छ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरू र विद्यार्थीमा परीक्षण गरिएका प्रश्नहरूको उत्तर तथा त्यसबाट प्राप्त निष्कर्षलाई लिइएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यमा द्वितीयक स्रोतका सामग्रीका रूपमा विभिन्न पाठ्यपुस्तक, शब्दकोश, सन्दर्भपुस्तक, पत्रपत्रिका, लेख रचनाका साथै शोधपत्रहरूको अध्ययन गरिएको छ । अनुसन्धान तथा शोध निर्देशक लगायत सहपाठीहरूबाट प्राप्त मार्गनिर्देश तथा सुझाव लाई उपयोग गरिएको छ । त्यसैगरी सम्बन्धित विद्यालयका विषय शिक्षकहरूबाट पनि सहयोग लिइएको छ ।

## ३.४ सामग्री सङ्कलन तथा विश्लेषण

प्रस्तुत अध्ययनका निम्ति सामग्री/तथ्याङ्क सङ्कलन गर्न नमुना छनोटमा परेका विद्यालयका विद्यार्थीमा शब्द ज्ञान परीक्षणका निम्ति १० वटा शब्दको अर्थ लेख्न लगाइएको छ भने पाँचवटा जोडा मिलाउने र पाँचवटा शब्दको वाक्यमा प्रयोग गर्न लगाई निर्धारित समयमा उत्तरपुस्तिका सङकलन गरियो । शब्दको अर्थ लेख्ने प्रश्नमा शब्दभण्डारगत ज्ञान र वाक्यमा प्रयोग गर्ने प्रश्नको उत्तरमा वाक्यगठन, भाषाशैली तथा वर्णविन्यासलाई आधार मानेर परीक्षण एवम् अङ्कन गरिएको छ ।

यस शोधकार्यलाई सम्पन्न गर्नका लागि गुणात्मक ढाँचाको निगमनात्मक पद्धतिभित्र रहेर पुस्तकालयीय विधि, व्याख्यात्मक तथा विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । यसमा विशेषत : छ कक्षाको नेपाली पाठ्यपुस्तकबाट सङ्कलित शब्दहरूलाई शब्दकोशमा प्रविष्टि दिई स्रोत, अर्थ, उच्चारण, व्युत्पत्ति, पर्याय, विपर्याय, उदाहरण र प्रयोग लगायतका सूचनाहरूलाई हेरिएको छ । यसैगरी कोशमा प्रविष्टि दिइएका शब्दहरूलाई स्रोत, उच्चारण, पदवर्ग र व्युत्पादनका आधारमा विश्लेषण गरिएको छ ।

## ३.५ निर्माण प्रक्रिया

शब्दकोशमा वर्णानुक्रम अनुसार शब्द राखिने हुनाले सोही अनुरूप शब्द प्रविष्टि गरिएको छ । नेपाली बृहत् शब्दकोश र प्रयोगात्मक नेपाली शब्दकोशका आधारमा वर्णहरूको रखाइक्रम निर्धारण गरिएको छ । प्रस्तुत छ कक्षाको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण र प्रयोग शीर्षकअन्तर्गत शब्दहरू वर्णानुक्रममा राख्दा निम्नानुसारको वर्णानुक्रमलाई अवलम्बन गरिएको छ :

(क) अँ अं अः अ आ इ ई उ ऊ ऋ ए ऐ ओ औ

(ख) क (क्ष) ख ग घ ङ च छ ज (ज्ञ) झ ञ ट ठ ड ढ ण त (त्र) थ द ध न प फ ब भ म य र ल व श ष स ह ।

(ग) का कि आदि (ा ि ी ु ू ृ े ै ो ौ) मात्रा लागेका वर्ण

यसमा सबैभन्दा बढी स वर्णका १४ ओटा शब्द छन् । सबैभन्दा कम ए, औ, छ, ठ, ड, फ वर्णका १/१ शब्द लिइएको छ । पञ्चम वर्ण ङ, ञ, ण ले प्रविष्टि पाएका छैनन् भने स्वर वर्णका ई, ऊ, ऐ, अः वर्णले पनि प्रविष्टि पाएका छैनन् । यस अध्ययनमा छ कक्षाको नेपाली पाठ्यपुस्तकबाट सङ्कलित शब्दहरू विद्यार्थीमा परीक्षण गरी ती शब्दहरूलाई वर्णानुक्रममा प्रस्तुत गरिएको छ । ती शब्दहरूको स्रोत, पदवर्ग, उच्चारण, अर्थ र व्युत्पत्ति तथा उदाहरण दिई नेपाली बृहत् शब्दकोश र प्रयोगात्मक नेपाली शब्दकोशमा आधारित रहेर नमुना शब्दकोश निर्माण गरिएको छ ।

# अध्याय चार

## शब्दहरूको वर्णानुक्रमका आधारमा तिनको स्रोत, अर्थ, उच्चारण, पदवर्ग, व्युत्पादन तथा अर्थसहित नमुना शब्दकोश निर्माण

*छ कक्षाको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण र प्रयोग* शीर्षकको यस अध्ययनका क्रममा सोही कक्षाको नेपाली पाठ्यपुस्तकका पाठहरूमा समावेश गरिएका शब्दको सङ्कलन गरी निम्नानुसारको वर्णानुक्रममा प्रस्तुत गरिएको छ :

| शब्द प्रविष्टि भएको वर्ण | प्रविष्टि शब्द | शब्द प्रयोग भएको पाठ |
|---|---|---|
| अ | अंशबन्डा | सात : साने र ठुले |
| | अकस्मात | सात : साने र ठुले |
| | अग्निकवच | तेह्र : युधिष्ठिरको परीक्षा |
| | अचानक | बिस : श्रीकृष्णको पराक्रम |
| | अज्ञात | तेह्र : युधिष्ठिरको परीक्षा |
| | अट्टहास | बिस : श्रीकृष्णको पराक्रम |
| | अतिवृष्टि | पन्ध्र : वातावरणको रक्षा |
| | अनर्थ | बिस : श्रीकृष्णको पराक्रम |
| | अनावृष्टि | पन्ध्र : वातावरणको रक्षा |
| | अनुमति | नौ : दाजुलाई बहिनीको चिठी |
| | अनुयायी | तीन : सामाजिक सद्भाव |
| | अपमान | एक : गुरु (कविता) |
| | अलप | दस : युमादेवीको अवतरण |
| आ | आँच | नौ : दाजुलाई बहिनीको चिठी |
| | आचरण | तीन : सामाजिक सद्भाव |
| | आजित | सत्र : मानिस नै देवता |
| | आदर्शवादी | तेह्र : युधिष्ठिरको परीक्षा |

| | | |
|---|---|---|
| इ | इच्छा | पाँच : साहित्यकार भवानी भिक्षु |
| | इमानदार | सात : साने र ठुले |
| उ | उजाड | दुई : यक्तिसामु शक्ति टिक्दैन |
| | उपासना | पाँच : साहित्यकार भवानी भिक्षु |
| | उत्थान | तीन : सामाजिक सद्भाव |
| | उपज | अठार : कलाको महत्त्व |
| ऋ | ऋण | सोह्र : राष्ट्रिय विभूति शङ्खधर शाख्वा |
| | ऋषि | बिस : श्रीकृष्णको पराक्रम |
| ए | एकता | तीन : सामाजिक सद्भाव |
| ओ | ओजोन | पन्ध्र : वातावरणको रक्षा |
| | ओडार | सोह्र : राष्ट्रिय विभूति शङ्खधर शाख्वा |
| औ | औधि | सत्र : मानिस नै देवता |
| क | कर्तुत | तेह्र : युधिष्ठिरको परीक्षा |
| | कालान्तर | सोह्र : राष्ट्रिय विभूति शङ्खधर शाख्वा |
| | कीटाणु | चौध : लुइ पास्चर |
| | कीर्ति | अठार : कलाको महत्त |
| | कुपोषण | एघार : सम्पत्तिभन्दा शिक्षा ठुलो |
| | कुलत | दस : युमादेवीको अवतरण |
| ख | खडेरी | दुई : युक्तिसामु शक्ति टिक्दैन |
| | खाँच | छ : खोला |
| | खातिर | एक : गुरु |
| | खैजडी | बाह्र : स्वाभिमानी मुख |
| ग | गाथा | एक : गुरु |
| | गाना | छ : खोला |

| | | |
|---|---|---|
| | गजुर | अठार : कलाको महत्त्व |
| | गरिमा | अठार : कलाको महत्त्व |
| | गुणी | नौ : दाजुलाई बहिनीको चिठी |
| घ | घट्ट | छ : खोला |
| | घुटुक्क | सात : साने र ठुले |
| | घुर्रो | अठार : कलाको महत्त्व |
| च | चमक | एक : गुरु |
| | चालबाजी | तेह्र : युधिष्ठिरको परीक्षा |
| | चिमाल | दस : युमादेवीको अवतरण |
| | चुक्ली | तीन : सामाजिक सद्भाव |
| छ | छ्वावा | दुई : युक्तिसामु शक्ति टिक्दैन |
| ज | जनशक्ति | चार : भविश्यको योजना |
| | जमिनदार | पाँच : साहित्यकार भवानी भिक्षु |
| | जल विहार | दुई : युक्तिसामु शक्ति टिक्दैन |
| | जहान | सात : साने र ठुले |
| | जीवाणु | चौध : लुइ पास्चर |
| झ | झन्डै | दुई : युक्तिसामु शक्ति टिक्दैन |
| | झपक्क | दुई : युक्तिसामु शक्ति टिक्दैन |
| ट | टाक्सिनु | आठ : कृषिमलको प्रयोग |
| | टहटह | दुई : युक्तिसामु शक्ति टिक्दैन |
| ठ | ठेकी | अठार : कलाको महत्त्व |
| ड | डाढे | सात : साने र ठुले |
| ढ | ढैचा | आठ : कृषिमलको प्रयोग |
| | ढोइ | दुई : युक्तिसामु शक्ति टिक्दैन |
| | ढोलकी | बाह्र : स्वाभिमानी मुख |

| | | |
|---|---|---|
| त | तान्त्रिक | अठार : कलाको महत्त्व |
| | तुच्छ | तीन : सामाजिक सद्भाव |
| | तेज | एक : गुरु |
| | तोरण | अठार : कलाको महत्त्व |
| त्र | त्रिवेणी | छ : खोला |
| द | दँतार | दुई : युक्तिसामु शक्ति टिक्दैन |
| | दमन | तेह्र : युधिष्ठिरको परीक्षा |
| | देवस्थल | पन्ध्र : वातावरणको रक्षा |
| | देहावसान | चौध : लुइ पास्चर |
| | दौँतर | सात : साने र ठुले |
| ध | धीत | तेह्र : युधिष्ठिरको परीक्षा |
| | धुर्त | तेह्र : युधिष्ठिरको परीक्षा |
| | धैर्य | तेह्र : युधिष्ठिरको परीक्षा |
| न | नागवेली | बाह्र : स्वाभिमानी मुख |
| | निडर | चौध : लुइ पास्चर |
| | नित्य | एक : गुरु |
| | निरन्तर | चौध : लुइ पास्चर |
| | निरस | तीन : सामाजिक सद्भाव |
| | नेत्र | एक : गुरु |
| | नैतिकता | चार : भविश्यको योजना |
| प | परमात्मा | दस : युमादेवीको अवतरण |
| | परवाह | सत्र : मानिस नै देवता |
| | परिचालन | तीन : सामाजिक सद्भाव |
| | पुकारा | पाँच : साहित्यकार भवानी भिक्षु |

| | | |
|---|---|---|
| | परोपकार | तीन : सामाजिक सद्भाव |
| | पाडी | सात : साने र ठुले |
| | पासा | तेह्र : युधिष्ठिरको परीक्षा |
| | प्रतिफल | चार : भविश्यको योजना |
| | प्रतिभा | चौध : लुइ पास्चर |
| | प्राचीन | पन्ध्र : वातावरणको रक्षा |
| फ | फटाफट | चार : भविश्यको योजना |
| ब | बगर | छ : खोला |
| | बहुमूल्य | चार : भविश्यको योजना |
| | बाधा | तीन : सामाजिक सद्भाव |
| | बेत | सात : साने र ठुले |
| | बेहुली | बिस : श्रीकृष्णको पराक्रम |
| भ | भस्म | एक : गुरु |
| | भाइचारा | तीन : सामाजिक सद्भाव |
| | भाका | दस : युमादेवीको अवतरण |
| | भावुक | पाँच : साहित्यकार भवानी भिक्षु |
| | भिक्षा | पाँच : साहित्यकार भवानी भिक्षु |
| | भौतिक | नौ : दाजुलाई बहिनीको चिठी |
| म | मकुनो | दुई : युक्तिसामु शक्ति टिक्दैन |
| | मतान | सात : साने र ठुले |
| | मनमोहक | चार : भविश्यको योजना |
| | माथ | एक : गुरु |
| | मारुनी | बाह्र : स्वाभिमानी मुख |
| | मुरली | बाह्र : स्वाभिमानी मुख |

| | | |
|---|---|---|
| | मोती | छ : खोला |
| | मोह | पाँच : साहित्यकार भवानी भिक्षु |
| य | यश | एघार : सम्पत्तिभन्दा शिक्षा ठुलो |
| | युक्ति | दुई : युक्तिसामु शक्ति टिक्दैन |
| र | रक्ताम्मे | सत्र : मानिस नै देवता |
| | रथ | बिस : श्रीकृष्णको पराक्रम |
| | रवि | एक : गुरु |
| | रिसानी | बिस : श्रीकृष्णको राक्रम |
| | रोमाञ्च | चार : भविश्यको योजना |
| ल | लगनशील | चौध : लुइ पास्चर |
| | लैनो | सात : साने र ठुले |
| व | वकिल | छ : खोला |
| | वादन | अठार : कलाको महत्त्व |
| | वाल्ल | सात : साने र ठुले |
| | वाहन | अठार : कलाको महत्त्व |
| | विनयशील | एघार : सम्पत्तिभन्दा शिक्षा ठुलो |
| | विभूति | सोह्र : राष्ट्रिय विभूति शङ्खधर शाख्वा |
| | विभेद | तीन : सामाजिक सद्भाव |
| | विविधता | तीन : सामाजिक सद्भाव |
| | विश्वव्यापी | चौध : लुइ पास्चर |
| | विषवृक्ष | पन्ध्र : वातावरणको रक्षा |
| | वृत्तान्त | दुई : युक्तिसामु शक्ति टिक्दैन |
| | वेशभुषा | तीन : सामाजिक सद्भाव |
| श | शासन | दस : युमादेवीको अवतरण |

| | | |
|---|---|---|
| | शिष्य | एक : गुरु |
| | शैली | अठार : कलाको महत्त्व |
| | शोभा | छ : खोला |
| स | सचेत | तीन : सामाजिक सद्भाव |
| | सज्जन | दस : युमादेवीको अवतरण |
| | सत्यवादी | तीन : सामाजिक सद्भाव |
| | सद्भाव | तीन : सामाजिक सद्भाव |
| | सन्त्रास | बिस : श्रीकृष्णको पराक्रम |
| | सभ्य | अठार : कलाको महत्त्व |
| | सम्प्रदाय | तीन : सामाजिक सद्भाव |
| | सागर | एक : गुरु |
| | साधना | पाँच : साहित्यकार भवानी भिक्षु |
| | साधु | पाँच : साहित्यकार भवानी भिक्षु |
| | सिँढी | चौध : लुइ पास्चर |
| | सुसेली | अठार : कलाको महत्त्व |
| | सोतर | आठ : कृषिमलको प्रयोग |
| | सोरठी | बह्र : स्वाभिमानी मुख |
| ह | हतकडी | बिस : श्रीकृष्णको पराक्रम |
| | हर्ष | छ : खोला |
| | हिम्मती | सात : साने र ठुले |
| | हुन्डरी | एक : गुरु |
| | हृष्टपुष्ट | सात : साने र ठुले |

सामग्री सङ्कलन गर्दा प्रस्तुत शोधकार्यका लागि कक्षा छको नेपाली पाठ्यपुस्तकलाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिइएको छ । सोही पाठ्यपुस्तकका

पाठका शब्दहरू सङ्कलन गरिएको छ । पाठ्यपुस्तकमा धेरै शब्दहरू समावेश छन् यद्यपि प्रस्तुत शोधकार्यमा १६० शब्दलाई मात्र समावेश गरिएको छ ।

नेपाली बृहत् शब्दकोश र प्रयोगात्मक नेपाली शब्दकोशका आधारमा वर्णहरूको रखाइक्रम निर्धारण गरिएको छ । यसमा सबैभन्दा बढी स वर्णका १४ ओटा शब्द छन् । सबैभन्दा कम ए, औ, छ, ठ, ड, फ वर्णका १/१ शब्द लिइएको छ । पञ्चम वर्ण ङ, ञ, ण ले प्रविष्टि पाएका छैनन् । यसैगरी स्वर वर्णका ई, ऊ, ऐ, अः वर्णले पनि प्रविष्टि पाएका छैनन् ।

# अध्याय पाँच

# वर्णानुक्रममा परेका शब्दहरूको सान्दर्भिक उदाहरणसहित शब्दकोश निर्माण

भाषामा रहेका शब्दसम्बन्धी सूचनालाई व्यवस्थित प्रक्रिया अवलम्बन गरी निर्माण गरिएको ग्रन्थलाई नै कोशविज्ञान भनिन्छ । शब्दकोशमा शब्दको सूची, शब्दसम्बन्धी विभिन्न पक्ष, उखान टुक्काका साथै शब्दको उच्चारण, स्रोत, व्युत्पत्ति, शब्दवर्ग, अर्थ, उदाहरण, प्रयोग जस्ता पक्षहरू समावेश गरिएको हुन्छ ।

यो शोधपत्र यी र यस्तै पक्ष एवम् प्रसङ्गमा आधारित भएर निर्माण गरिएको छ । जसमा शब्द सङ्कलन गरी ती शब्दलाई वर्णानुक्रममा राखेर शब्दको स्रोत, उच्चारण, व्युत्पत्ति, अर्थ, पदवर्ग, उदाहरण, स्रोत निर्देश तथा व्याकरणात्मक कोटिसम्बन्धी जानकारी गराउने प्रयास गरिएको छ ।

प्रस्तुत शोधपत्र छ कक्षाको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माणसँग सम्बन्धित भएकाले सोही तह र कक्षाका विद्यार्थीको समस्या तथा आवश्यकतालाई दृष्टिगत गरी शब्दकोश निर्माण गरिएको छ । यस शब्दकोशमा प्रविष्टि पाएका शीर्ष शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग, अर्थ एवम् उदाहरण प्रस्तुत गरिएको छ ।

## ५.१ सान्दर्भिक उदाहरणसहित नमुना शब्दकोश निर्माण

(अ)

अंशबन्डा - [अंश+बन्डा] ना. दाजुभाइहरूका बिच गरिने पुर्ख्यौली सम्पत्तिको बाँडफाँड, भागबन्डा । उनीहरूले बाबुको सम्पत्ति अंशबन्डा गरे ।

अकस्मात - (तत्स.) क्रियो. अचानक, एक्कासि, एकाएक । घाम लाग्दा लाग्दै अकस्मात पानी पऱ्यो ।

अग्निकवच - *ना.* १. आगोले नडढाउने वस्तु । २. आगाबाट बच्न लगाइने वस्त्र । ३. तन्त्रशास्त्रअनुसार शरीरको रक्षा गर्न विभिन्न अङ्ग छोई कल्पना गरिने विभिन्न नामका मन्त्र

अचानक - /अचानक्/ क्रियो. पहिले थाहा नभइकन, विना सूचना, अकस्मात्, एक्कासि । खोलामा अचानक बाढी आयो ।

अज्ञात - /अग्ग्याँत्/ (तत्स.) [अ+ज्ञात्] वि. १.नजानेको, नबुझेको, थाहा नभएको, अपरिचित, विप. ज्ञात । (उदा. अज्ञात विषय, अज्ञात व्यक्ति, अज्ञात नाम) २. गोप्य, गुप्त (उदा. अज्ञात ठाउँ, अज्ञात वास)

अट्टहास - /अट्टहास/ (तत्स.) [अट्ट+हास] ना. खित्का छोडेर हाँस्ने काम, ठुलो स्वरको हाँसो । हास्यकलाकारको अभिनय हेरेर सभाकक्षमा अट्टहास चल्यो ।

अतिवृष्टि - /अतिब्रिसटि्/ (तत्स.) [अति+वृष्टि] ना. बालीलाई नोक्सान पुग्ने गरी हुने अत्यधिक वर्षा । यसपालिको अतिवृष्टिले मकै बालीलाई नोक्सान गऱ्यो ।

अनर्थ - /अनर्‌थ/ (तत्स.) [अन्+अर्थ] ना. १. हानि हुने घटना, अशुभ कुरा, अनुचित काम, बरबाद, गडबड । होसियारीसाथ व्यवहार गर नत्र अनर्थ हुने छ । २. अर्थ नभएको स्थिति, अर्थ न बर्थ । ऊ अनर्थका कुरा मात्र गर्छ ।

अनावृष्टि - /अनाब्रिसटि्/ (तत्स.) [अन्+आ+वृष्टि] ना. वर्षा नभएको स्थिति, खडेरी सुख्खा अवस्था, विप. अतिवृष्टि । अनावृष्टिले अनिकाल निम्त्याउँछ ।

अनुमति - (तत्स.) [अनु+मति] ना. १. कुनै कार्यका लागि दिइने स्वीकृति, मन्जुरी, इजाजत । सभामा सभापतिले अनुमति दिएपछि मात्र बोल्न पाइन्छ । २. आदेश, आज्ञा । अनुमतिविना प्रवेश निषेध छ ।

अनुयायी - /अनुयाइ/ (तत्स.) [अनु+यायी] ना. १. कसैको पछि लाग्ने व्यक्ति, अनुगामी (उदा. नेताका अनुयायी) २. कसैको कार्य, विचार, सिद्धान्त, धर्म वा सम्प्रदायको अनुसरण गर्ने, समर्थक (उदा.बुद्ध धर्मका अनुयायी, समाजवादका अनुयायी

अपमान - /अपमान्/ (तत्स.) [अप+मान] ना. कसैलाई गरिने हेला, कसैको मानमा चोट पुऱ्याउने काम, तिरस्कार, अनादर, बेइज्जत, विप. सम्मान/आदर/ सभामा अतिथिको अपमान गरियो ।

अलप - /अलप्/ वि. १. देखिएको वस्तु बादलभित्र नदेखिँदाको स्थिति, अदृश्य अवस्था, लोप २.बेपत्ता, लुप्त । आकाशमा उड्दै गरेको हवाइजहाज एकछिनमा अलप भयो ।

## आ

आँच - /आँच्/ ना. १. आगाको राप, बलेको वस्तुको ताप । हावा चल्नाले भाँडामा आगाको आँच पुगेन । २. प्रभावशाली व्यक्ति वा राष्ट्रमाथि पर्ने दबाब वा हस्तक्षेप देशको राष्ट्रियतामा आँच आउने काम गर्नु हुँदैन ।

आचरण - /आचरण्/ (तत्स.) [<आ +चर् +अन् ] ना. १. व्यक्तिको बानी बेहोरा, आनीबानी वा चरित्र । केटाकेटीको आचरण बिग्रन दिनु हुँदैन । २. नैतिकताका आधारमा हेरिने मानिसको आचार व्यवहार, शील, स्वाभाव, चाल, चलन । असल आचरण भएकाले उसलाई सबैले रुचाउँछन् ।

आजित - /आजित्/ (तत्स.) वि. झगडा आदिबाट दिक्क, हैरान, विरक्त । छोराछोरीको आनीबानी देखेर ऊ आजित भयो ।

आदर्शवादी - /आदर्सबादि/ (तत्स.) [आदर्श +वाद् +ई] वि. १. आदर्शको अनुसरण गर्ने । २. आदर्शमा विश्वास गर्ने विप. यथार्थवादी व्यवहारमा सँधै आदर्शवादी भएर काम चल्दैन ।

## इ

इच्छा - (तत्स.) ना. कुनै कुराको प्राप्ति वा विनासका लागि मनमा उठ्ने चाहना, अपेक्षा, आशा, कामना, विप. अनिच्छा । हरेक बावुआमाले छोराछोरीले प्रगति गरुन् भन्ने इच्छा राख्छन् ।

इमानदार - /इमान्दार्/ (आ.) [इमान +दार] वि. इमान भएको, सच्चाइमा विश्वास गर्ने, सच्चा व्यवहार गर्ने, निष्कपट, विश्वसनीय, विप. बेइमान ( उदा.इमानदार मान्छे, इमानदार नोकर)

## उ

उजाड - /उजाड्/ ना. १. जरो समेत नरहने गरी बोट बिरुवाको विनाश, रुख बिरुवा उजाड्ने काम । उनीहरूले जङ्गल फाँडेर उजाड पारे । (उदा. उजाड वस्ती)

उपासना - /उपासना/ (तत्स.) [उप+आस्+अन् +आ] ना. १. देवी देवताको पूजाआजा, आराधना वा ध्यान । दसैँमा धेरैजसो नेपालीहरू देवीको उपासना गर्दछन् ।

उत्थान - /उत्थान्/ (तत्स.) [<उत् +स्थान] ना. १. तल रहेको वस्तुलाई माथि उचाल्ने वा उठाउने काम २. उन्नती, प्रगति, विप. पतन । (उदा. देशको उत्थान, समाजको उत्थान)

उपज - /उपज्/ (तत्स.) [उप+ज] ना. १. खेतबारीबाट हुने उत्पादन, उब्जनी । २. कलकारखाना आदिबाट हुने उत्पादन, उत्पादित वस्तु । ३. विचार, सुझबुझ । यो विचार तिम्रो साथीको मस्तिष्कको उपज हो ।

## ऋ

ऋण - /रिण्/ (तत्स) ना. १. अरूसँग लिएको सापटी, कर्जा, रिन, विप. धन । उसले साहुको ऋण तिऱ्यो । २. शून्य वा शून्यभन्दा मुनिको स्थिति ३. नकारात्मकता, निषेध ४. घाटा जनाउने चिह्न (उदा. ऋण चिह्न) ५. भार, बोझ

ऋषि - /रिसि/ (तत्स.) ना. १. आध्यात्मिक चिन्तन र साधनामा लागेका ठुला तपस्वी, मुनि २. वैदिक मन्त्रका द्रष्टा तथा स्रष्टा

## ए

एकता - /एकता, एक्ता/ (तत्स.) [एक+ता] ना. १. एक हुँदाको अवस्था वा विशेषता, विचार र व्यवहारमा हुने एकमत, मेलमिलाप, आपसी समझदारी, विप.अनेकता । गाउँको विकासका लागि गाउँलेहरूका बिच एकता हुनु

पर्छ । २. एकरूपता । उसको भनाइ र गराइमा एकता छैन । ३. अभिन्नता, ऐक्य, एक्त्व

### ओ

ओजोन - /ओजोन्/ (आ.) ना. सूर्यको खराब विकिरणबाट पृथ्वीको सतहलाई बचाउ गर्ने एक प्रकारको ग्यास (उदा. ओजोन तह)

ओडार - /ओडार्/ ना. पाखा वा पहरामा मानिस एवम् जीवजन्तु बस्न हुने पाखो वा भ्वाङ परेको प्राकृतिक ठाउँ, गुफा, कन्दरा । जङ्गली मान्छेहरू ओडारमा बस्थे ।

### औ

औधि - क्रियो. झन्, झन् बढी, ज्यादै, अत्यन्त । त्यो केटो औधि बाठो छ ।

### क

कर्तुत - /कर्तुत्/ ना. सोचीसम्झी वा योजना अनुसार गरिएको खराब काम, नियोजित षड्यन्त्र, कुकर्म, कुकृत्य । मुखियाले गाउँलेमाथि गरेको कालो कर्तुतको पर्दाफास भयो ।

कालान्तर - /कालान्तर्/ (तत्स.) [<काल् +अन्तर] ना. १. धेरै पछिको समय, समयान्तर, समयको अन्तराल । कालान्तरमा उनका दुई सन्तान भए ।

कीटाणु - /किटाणु/ (तत्स.) [कीट + अणु] ना. आँखाले देख्न नसकिने, सूक्ष्म दर्शक यन्त्रको सहायताले मात्र देख्न सकिने, स - साना किरा । फोहोर पानीमा भएका कीटाणुले रोग फैलाउँछन् ।

कीर्ति - किर्ति/ (तत्स.) [<कृत् + ति] ना. असल कर्मबाट फैलने सुनाम, प्रसिद्धि, ख्याति, यश । कीर्ति राख्न उनले गाउँमा विद्यालय भवन बनाएका छन् ।

कुपोषण - /कुपोषण्/ (तत्स.) [कु + पोषण] ना. १. शरीरलाई हानि गर्ने खानेकुरा । पोषणको कमीले हुने रोग, विप. पोषण । त्यो बच्चा कुपोषणको सिकार भएको छ ।

कुलत - /कुलत्/ [कु + लत्] ना. खराब बानी बेहोरा, दुर्व्यसन । उसले कुलतमा फसेर पढाइ बिगार्‍यो ।

**ख**

खडेरी - /खडेरि/ [<खण्ड +एरी] ना. वर्षा याममा पानी नपर्नाले हुने सुख्खा अवस्था, अनावृष्टि । खडेरी परेकाले रोपाइँ हुन सकेन ।

खाँच - /खाँच्/ ना. १. खाँद वा खोँच परेको ठाउँ, चेपो । टेबुलको खाँचमा कलम खसेको छ । २.बाँस, नर्कट, निगालो आदिबाट बनाइएको एकप्रकारको

खातिर - /खातिर्/ (आ.) नायो. लागि, निम्ति । तिम्रा खातिर ऊ ज्यान दिन पनि तयार छ ।

खैजडी - /खैजडि/ ना. भजन, कीर्तन आदिमा बजाइने एक प्रकारको तालबाजा । मैले बालुन गाउँदा उनले खैँजडी बजाए ।

**ग**

गाथा - *ना.* १. लोकगीतको भाकामा भनिने कथा (उदा.लोकगाथा) २.गीतिकथा ३.कसैको स्तुतिगान, गुणगान (उदा.वीरगाथा, भक्तिगाथा)

गाना - [<गान +आ] ना. १. लय मिलाएर गाइएको गीत । उसले चलचित्रको गाना गायो । २. गाउने काम, गायन, गान । उसलाई गाना गाउन आउँदैन ।

गजुर - /गजुर्/ (आ.) ना. मन्दिरका छानाको टुप्पामा राखिएको धातु वा अन्य वस्तुको कलश, मन्दिरको शिखर भाग । त्यस मन्दिरको गजुर आकर्षक छ ।

गरिमा - (तत्स.) [<गुरु +इमा] ना. १. गहकिलो पन, गुरुत्व, गुरुता । उनले पदको गरिमा अनुसार काम गरेका छन् । २. गौरव, महत्त्व, महिमा । ती विद्यार्थीहरूले विद्यालयको गरिमा बढाए ।

गुणी - /गुणि/ (तत्स.) [ गुण +ई] वि. गुण भएको, गुणवान, गुणले युक्त । गुणी व्यक्तिलाई सबैले मन पराउँछन् ।

### घ

घट्ट - /घट्ट/ ना. (सम्ब. घट्टे.) अग्लो ठाउँबाट छोडिएको पानीको वेगले काठको पङ्खा घुमाएर पिठो पिस्ने जाँतो जस्तो घरेलु यन्त्र । उसले घट्टमा मकै पिँध्यो ।

घुटुक्क - /घुटुक्क/ (अमू.) क्रियो. तरल पदार्थ एक पटकमा निल्दाको किसिम । पानीसँग औषधी घुटुक्क निलियो ।

घुर्रो - [घुर्र + ओ] ना. (बहु./ति.घुर्रा, सम्ब.घुर्रे) १. मही पार्दा मदानीको सर अड्याउने प्वाल भएको चक्का २. रोटेपिङको पिर्का अड्याउने साधन ३. बिचमा दुई ओटा प्वाल पारी त्यसमा धागो छिराएर तानी फनफनी घुमाएर घुरघुर आवाज निकालिने काठको पाङ्ग्रो वा त्यसको खेल ।

### च

चमक - /चमक्/ [चम्क] ना.१.चम्किने गुण, टलक, चहक (उदा. रङगीचङ्गी बत्तीको चमक) २. उज्यालो, प्रकाश । जूनको चमकमा ऊ किताव हेर्दै छ । ३. कान्ति, छवि, आभा, बिरामी भएपछि उसको अनुहारमा चमक हराएको छ ।

चालबाजी - /चालबाजि/ (आ.) [चालबाज+ई] ना.१.चालबाजको काम, छल, कपट २.षड्यन्त्र । उसले अनेक चालबाजी गरेर साथीलाई हरायो ।

चिमाल - /चिमाल्/ ना. सेतो फूल फुल्ने एक प्रकारको गुराँस ।

चुक्ली - /चुक्क्लि/ (आ.) ना. एउटाको कुरा अर्कालाई बढाइ चढाइ सुनाउने काम, भाँजो, पोल, छुल्याइँ । उसको चुक्लीले घरमा झगडा भयो ।

### छ

छावा - /छावा/ ना. १. हात्तीको बच्चा २. केराको टुसो वा सानो विरुवा

## ज

जनशक्ति - /जनसक्ति/ (तत्स.) [जन +शक्ति] ना. १.देशको विकास तथा निर्माणका लागि मानवमा आवश्यक हुने दक्षता तथा क्षमता, मानवशक्ति (उदा. औद्योगिक जनशक्ति, शैक्षिक जनशक्ति) २.जनताको शक्ति, जनबल

जमिनदार - /जमिनदार्/ (आ.) [जमिन +दार] ना. धेरै जमिनको मालिक, भूमिपति । राणाकालमा नेपालमा ठुला जमिनदारहरू थिए ।

जल विहार - (तत्स.) ना. मनोरञ्जनका लागि गरिने जलयात्रा, जलमा विचरण । नेपालका ठुला नदीहरूमा पर्यटकहरू जल विहार गर्न मन पराउँछन् ।

जहान - /जहान्/ (आ.) ना. १. एउटै घरमा बस्ने र एउटै भान्सामा खाने मानिसको समूह, परिवार । यतिका जहान पाल्न उसलाई गाह्रो भएको छ । २. पत्नी, स्वास्नी । मेरी जहान यिनै हुन् ।

जीवाणु - /जिवाणु/ [जीव +अणु] ना. १. आँखाले देख्न नसकिने अतिसूक्ष्म जीव, अणु जस्तै अत्यन्त सानो जीव । जीवाणुलाई सूक्ष्म दर्शक यन्त्रले मात्र देख्न सकिन्छ । २. रोग उत्पन्न गर्ने तथा फैलाउने सूक्ष्म जीव, कीटाणु ( ब्याक्टेरिया) । रोगका जीवाणुहरूले रोग सार्दछन् ।

## झ

झन्डै - *क्रियो.* पुग नपुग, लगभग, करिब । म भऱ्याङबाट झन्डै लडेको ! देउसी खेलेर भन्दै बिस हजार जम्मा भयो ।

झपक्क - /झपम्म/ (अमू.) क्रियो. १. तत्काल वा एकै छिनमा निदाउँदाको किसिम । ढल्कने बित्तिकै ऊ झपक्क निदाएछ । वि. २.ढाकिएको, सजिएको, भरिपूर्ण । फूलबारी फूलले झपक्क छ । उनी गहनाले झपक्क छिन् ।

## ट

टाक्सिनु - *नाधा.* [टाक्सो + इ + (नु)] अक्रि. १. रोग, चिन्ता, खानाको कमी आदिले बढ्न नसक्नु । मलजल नपुगेर बिरुवा टाक्सिए ।

टहटह -	/टहटह/ (अमू.) द्वि.[<टह] क्रियो. १. जून चम्कदाको किसिम । पूर्णिमाको रातमा जून टहटह लागेका छन् । वि. २. चम्किएको, टल्किएको । आकाशमा जून टहटह देखिए ।

ठ

ठेकी -	/ठेकि/ [ठेक + ई ] ना. (बहु. /ति. ठेका, लघु. ठेकी) ठुलो ठेकी ( उदा.महीको ठेकी)

ड

डाढे -	[डाढ + ए] वि. डाह गर्ने, आरिसे (उदा. डाढे मान्छे, डाढे स्वभाव)

ढ

ढैँचा -	*ना.* [भो.+ ब] तराइतिर उब्जने एक प्रकारको धानको नाउँ । मलका रूपमा प्रयोग गरिने एक प्रकारको घाँस ।

ढोई -	/ढोइ/ ना. पोथी हात्ती, विप. मत्ता

ढोलकी -	/ढोलकि/ [ढोलक + ई ] ना. १. ढोलक २. ढोलक बजाउने व्यक्ति ।

त

तान्त्रिक -	/तान्त्रिक/ (तत्स.) [< तन्त्र + इक ] ना. १. तन्त्रमन्त्र प्रयोग गर्ने मान्छे, तन्त्र जान्ने व्यक्ति । तान्त्रिकले भूतलाई मन्सायो । वि. २. तन्त्रशास्त्रको, तन्त्रसम्बन्धी

तुच्छ -	/तुच्छ/ (तत्स.) वि. १.चुत्थो, निम्न (उदा. तुच्छ व्यक्ति, तुच्छ काम)

तेज -	/तेज्/ (तत्स.) ना. कुनै वस्तु वा व्यक्तिमा देखिने ज्योति, चमक, प्रकाश । उसको अनुहारमा तेज छैन ।

तोरण -	/तोरण्/ (तत्स.) ना. १.विवाह आदि उत्सव हुने ठाउँ, मन्दिर आदिको बाहिरपट्टि सजाइएको द्वार २. फूलपाती उनिएको बाबियो आदिको डोरी

त्रिवेणी - /त्रिवेणि/ (तत्स.) [त्रि + वेणी ] ना. तिन नदीको सङ्गम । माघे सङ्क्रान्तिमा त्रिवेणीमा मेला लाग्छ ।

द

दँतार - /दँतार/ [<दाँत + आर] ना. १.दाँत उम्रेको हात्ती, मत्ता हात्ती । २.दाऱ्हा उम्रेको, दाऱ्हा भएको (हात्ती)

दमन - /दमन्/ (तत्स.) [दम्+अन] ना. धन, प्रभुत्व वा शक्तिले कसैलाई दबाउने काम, पेलाइ, दपेटाइ, थिचोमिचो (उदा. शत्रुहरूको दमन) २.वशमा राख्ने काम, नियन्त्रण, नियमन (उदा. इन्द्रीयहरूको दमन)

देवस्थल - /देबस्थल्/ (तत्स.) [देव +स्थल] ना. देवतीर्थ

देहावसान - /देहाबसान्/ (तत्स.) [<देह + अवसान] ना. शरीरको अन्त, देहान्त, मृत्यु । अस्पतालमा हिँजो राति उहाँको देहावसान भयो ।

दौँतर - /दौँतर्/ ना. समान उमेरको व्यक्ति, सम वयस्क दावल । दौँतरहरू मिलेर छुट्टी मनाउन पोखरा गए ।

ध

धीत - /धित्/ (तत्स.) [<धे + त] वि. १. पान गरिएको, खाएर सन्तुष्ट भएको । ना. २.कुनै वस्तु वा विषयप्रति उब्जिएको तिर्सना, धोको । उसले भोजमा धीत मर्ने गरी खायो । हिमाल हेर्ने मेरो धीत अझै मरेको छैन । ३. इच्छा, चाहना । उसले धीत मर्ने गरी गीत गायो ।.

धुर्त - /धुर्त/ (तत्स.) वि. १. जालझेल गर्ने, छल कपट गर्ने, जाली, छली । ऊ व्यवहारमा ज्यादै धुर्त छ ।

धैर्य - /धैर्य/ (तत्स.) [<धीर + य] ना. १. विपत्ति तथा सङ्कट पर्दा नआत्तिने गुण, स्थिर र शान्त भएर रहेको अवस्था, धीरता, स्थिरता । उनी जस्तोसुकै दु : ख पर्दा पनि धैर्य गर्न सक्छन् ।

## न

नागवेली - /नाग्बेलि/ [नाग+बेली] ना. सर्प जस्तो बाङ्गोटिङ्गो आकृति । नदी नागबेली परेर बगेको छ ।

निडर - /निडर्/ [नि+डर] वि. १.कसैसँग नडराउने, डर नभएको, निर्भय, सुरो, विप. डरपोक (उदा. निडर केटो) २.हिम्मत भएको, साहसी । ऊ युद्धमा निडर भएर लड्यो ।

नित्य - /नित्य/ (तत्स.) [नि+त्य] क्रियो. १. अटुट रूपमा, निरन्तर, सधैं, प्रतिदिन । ऊ नित्य मन्दिरमा जान्छ ।

निरन्तर - /निरन्तर्/ (तत्स.) [निर्+ अन्तर] वि. १. गति नछुटेको, सधैँ भइ रहने, अटुट, नित्य (उदा.निरन्तर कार्य, निरन्तर गति) क्रियो. क्रम नटुटीकन, लगातार, वारंवार, बराबर, क्रमशः, सधैँ । ऊ निरन्तर पढ्छ । बसहरू निरन्तर चल्दै छन् ।

निरस - /निरस्/ [निर्+रस] वि. नीरस

नेत्र - /नेत्र/ (तत्स.) ना. आँखा, नयन (उदा. नेत्रज्योति, नेत्रदान)

नैतिकता - /नैतिक्ता/ (तत्स.) [नैतिक+ता] ना. १. सही वा गलत खुट्याउने चेतना, अन्तरात्माको आबाज, विवेक । नैतिकताले उसलाई गलत काम गर्नबाट रोक्छ । २. नीतिमा आधारित आचरण, सदाचार वा त्यस्तो चरित्र, सद्व्यवहार, विप. अनैतिकता । नैतिकताको बन्धन सभ्य समाजका लागि आवश्यक छ ।

## प

परमात्मा - (तत्स.) [<परम + आत्मा] ना. आत्माभन्दा परको आत्मा, सर्वोच्च आत्मा, परब्रह्म, परमेश्वर, ईश्वर

परवाह - *ना.* [फा.परवा] हे.पर्बाह ।

परिचालन - /परिचालन्/ (तत्स.) [परि+चालन] ना. खास गतिविधिमा सहभागिता बढाउने काम, कसैलाई सक्रियताका साथ कार्यमा संलग्न गराउने काम, संलग्नता (उदा.जनशक्ति परिचालन) । विकासका गतिविधिमा जनताको परिचालन हुनु पर्छ ।

पुकारा - (तत्स.) [पुकार+आ] ना. १. कसैलाई टाढाबाट ठुलो आवाजले बोलाउने काम २. सङ्कट पर्दा गुहार्ने काम, गुहार । उसले मालिक समक्ष पुकारा गऱ्यो । ३. बिन्ती, प्रार्थना, अनुनय । दु : ख पर्दा मानिसहरू ईश्वरको पुकारा गर्दछन् ।

परोपकार - /परोपकार्/ (तत्स.) [<पर + उपकार] ना. अर्काको भलाइ, अरूको उपकार, परहित । परोपकार गर्नु समाज सेवाको मूल उद्देश्य हो ।

पाडी - /पाडि/ [पाडो+ई] ना. भैँसीको पोथी बच्चो, पोथी पाडो

पासा - *ना.* थर्कीमा चारपाटे टुक्रा (गोटी) गुडाएर खेलिने जुवा जस्तो एक प्रकारको खेल । उनीहरू पासा खेल्दै छन् ।

प्रतिफल - /प्रतिफल्/ (तत्स.) [प्रति + फल] ना. कुनै कार्य तथा गतिविधिको फल, नतिजा वा परिणाम । असल कामको प्रतिफल असल नै हुन्छ ।

प्रतिभा - (तत्स.) [प्रति+भा] ना. १.व्यक्तिमा हुने सहज ज्ञान, नयाँ नयाँ भाव, विचार, चिन्तन आदि स्फुरण गराउने विशिष्ट क्षमता । २. सिर्जनात्मक तथा कल्पनात्मक क्षमता । उसले कलाको क्षेत्रमा प्रतिभा देखायो ।

प्राचीन - /प्राचिन्/ (तत्स.) [<प्राक्+ ईन] वि. १. धेरै पहिलेको, पुरानो, पुरातन ( उदा. प्राचीन सहर, प्राचीन मन्दिर, प्राचीन अवशेष) २. उहिलेको, अज्ञात समयको ।

## फ

फटाफट - /फटाफट्/ (अमू.) द्वि. [फट+ आ+फट] क्रियो. (>फटाफटी/फटफट्ती) १. कतै नरोकिईकन हिँड्दाको किसिम, फड्का मारेर हिँड्दाको किसिम । ऊ फटाफट घरतिर लाग्यो । २. छिटो छिटो, धमाधम । काम फटाफट भयो ।

## ब

बगर - /बगर्/ना. नदी वा खोलाको किनारको बलौटे जमिन । उनीहरूले नदीको बगरबाट बालुवा ल्याए ।

बहुमूल्य - /बहुमुल्य/ (तत्स.) [बहु + मूल्य] वि. १.धेरै मोल पर्ने, दामी (उदा.बहुमूल्य कपडा) २. ज्यादै महत्वको, मोल नै तोक्न नसकिने (उदा.बहुमूल्य रत्न)

बाधा - (तत्स.) [बाध्+ आ] ना. १. कुनै काममा हुने अवरोध । हल्ला भएकाले पढाइमा बाधा पर्‍यो । २. अड्को, रोकावट । उसले पैसाको सहयोग गरेर मेरो व्यवहारको बाधा फुकाइ दियो । २. छेकथुन, रोकावट, खिचोला । ३. भूत-प्रेत आदिका कारणले हुने भय वा कष्ट, पीडा ।

बेत - /बेत्/ ना. (सम्ब.बेते) बियाउँदाको पटक, सुत्केरी हुँदाको खेप । यो गाई तिन बेतको भयो ।

बेहुली - /बेहुलि/ [बेहुलो+ई] ना.बिह गर्न तयार पारिएकी कन्या, दुलही । बेहुलिले बेहुलालाई जग्गेमा पुलुक्क हेरिन् ।

## भ

भस्म - /भस्म/ (तत्स.) ना. डढि सकेर बाँकी रहेको अवशेष, खरानी

भाइचारा - [भाइ+आचार +आ] ना. कुनै दुई पक्षका बिच दाजु भाइको जस्तो आत्मिय सम्बन्ध वा त्यस्तो व्यवहार, भ्रातृत्व । दुई सम्प्रदायबिच भाइचारा बढेको छ ।

भाका - [<भाखा सं.भाषा] ना. कुनै काम पूरा गर्न तोकिएको अवधि वा बोलकबोलको समय, म्याद, । २. प्रतिज्ञा, बाचा । ३. पढाइ वा गवाइको लय, स्वर ।

भावुक - /भाबुक/ (तत्स.) [<भु+उक] वि. कोमल मन भएको, सहृदय (उदा. भावुक व्यक्ति)

भिक्षा - /भिक्छ्या, भिच्छ्या/ (तत्स.) [भिक्ष+आ] ना. मागेर पाएको अन्न वा खाने कुरा, भिख । जोगी भिक्षाले जीविका चलाउँछन् ।

भौतिक - /भौतिक/ (तत्स.) [भुत+इक] वि. पृथ्वीमा पाइने वस्तुसँग सम्बन्धित, पृथिवीको, पार्थिव (उदा. भौतिक तत्व, भौतिक वस्तु, भौतिक संरचना, भौतिक वातावरण)

**म**

मकुनो - *ना.* (बहु./ति.मकुना) दाऱ्हा नउम्रेको किशोर उमेरको हात्ती

मतान - /मतान्/ (आ.) ना. १.घरमा कोठाभन्दा बाहिर रहेको खुला ठाउँ, मटान २.मूलघरको सामुन्ने वा आसपासमा बनाइएको सानो घर

मनमोहक - (तत्स.) वि.मनलाई मुग्ध पार्ने वा लोभ्याउने, आकर्षक, सुन्दर (उदा.मन मोहक दृष्य)

माथ - *ना.* [सं. मस्तक] टाउको, शिर, माथा ।

मारुनी - /मारुनि/ ना. नेपाली लोकनृत्यमा स्त्रीको भेषमा नाच्ने पुरुष (उदा. मारुनीको नाच)

मुरली - /मुरलि/ ना. १.निगालो, बाँस आदिबाट बनेको एक प्रकारको बाजा, जसलाई प्वालमा औँला चाल्दै मुखले फुकेर बजाइन्छ । २. सानो, झिनो ( उदा. मुरली मकै, मुरली बाँस)

मोती - /मोति/ ना. समुद्रमा सिपी किरोमा पाइने एक प्रकारको रत्न ( उदा.मोतीको माला)

मोह - /मोह/ (तत्स.) [<मुह] ना. कुनै वस्तु, विषय वा व्यक्तिका गतिविधिप्रति लट्ठ पर्दाको अवस्था, आकर्षण, लगाब, आसक्ति

**य**

यश - /यस्/ (तत्स.) ना. असल काम गर्दा फैलने नाम, सुनाम, ख्याति, कीर्ति विप.अपयश । उनको यश देशभरि फैलिएको छ ।

युक्ति - (तत्स.) [युज + ति] ना. कुनै काम गर्ने वा समस्या समाधान गर्ने तरिका, उपाय, जुक्ति । युक्तिका सामु शक्तिको केही लाग्दैन ।

र

रक्ताम्मे - [<रक्त+आम्मे] वि. रगतले भिजेको, जताततै रगत भएको, रगतपच्छे । ऊ लडेर रक्ताम्मे भयो ।

रथ - /रथ/ (तत्स.) ना. १. घोडाले तान्ने चारपाङ्ग्रे गाडा वा त्यस्तो सवारी साधन (बग्गी आदि) २. देवी देवतालाई राखेर मान्छेले तान्ने वाहन (उदा. सेतो मछेन्द्रनाथको रथ)

रवि - *ना.*[सं.] आदित्य, सूर्य ।

रिसानी - /रिसानि/[रिस +आनी] ना. ठुलाबडाहरू रिसाउँदाको अवस्था, रिसाउने काम, रिसाइ, झोक, क्रोध (दर.) । हजुर, रिसानी माफ होस् ।

रोमाञ्च - *ना.* [सं.] हर्ष, भय, शोक आदिले शरीर जुरुङ्ङ भई रौंहरू ठडिने चाल वा अवस्था, रोमहर्षण

ल

लगनशील - /लगन्सिल्/ (तत्स.) [लगन + शील] वि. १. लगन भएको, काममा राम्ररी लागेको, दत्तचित्त (उदा. लगनशील कर्मचारी, लगनशील कामदार) । २. अध्ययनशील । ऊ पढाइमा लगनशील विद्यार्थी हो ।

लैनो - *वि.* (बहु./ति.लेना) १. भरखर बियाएको (उदा.लैनो गाई, लैनो भैँसी) २.भरखर जन्मेको, दुधे (उदा.लैनो बाछो, लैनो पाडो)

व

वकिल - /वकिल्/ (आ.) ना. १. अदालतमा कसैको तर्फबाट बहस गर्ने व्यक्ति, त्यस्तो अनुमति प्राप्त कानुन व्यवसायी । 'वकिल हिँडेको अड्डा जान' २. राजदुत वा राजप्रतिनिधि

वादन - /बादन्/ (तत्स.) . [<वद् + अन] ना. १. बजाउने काम, बजाइ (उदा. तबला, वादन, वाद्य वादन) २. बाजा

वाल्ल - *क्रि. वि.* १.काम कुरो चाल नपाउँदा वा चिनजान नहुँदा जिल्लिएर ; बिलखबन्दनमा परी ; जिल्ल । २. रल्लिने चालमा; अलमल्ल । ऊ नौलो मान्छे देखेर वाल्ल पऱ्यो ।

वाहन - *ना.* [सं.] १. मानिस चढेर हिँड्ने सजीव वा निर्जीव साधन, सामान ओसार्ने यान, २. भारी बोकेर ल्याउने पशु वा अन्य साधन

विनयशील - /विनयसिल्/ (तत्स.) [विनय+शील] वि. विनयी

विभूति - /विभुति/ (तत्स.) [वि+भूति] ना. १. बिगुत २. धन दौलत, ऐश्वर्य ३. राष्ट्रलाई महान योगदान दिने व्यक्तित्व, त्यस्तो महापुरुष (उदा. राष्ट्रिय विभूति, विभूति पथ)

विभेद - *ना.* [सं.] भेदभाव गर्ने कामख (जस्तै : सामाजिक विभेद र असमानताले विद्रोह निम्त्याउँछ ) ।

विविधता - *ना.* विविध हुनाको भाव वा अवस्था, विभिन्नता, अनेकता

विश्वव्यापी - /बिस्स्वब्यापि/ (तत्स.) [विश्व + व्यापी] वि. विश्वभर फैलेको, विश्वमा व्याप्त (उदा. विश्वव्यापी अभियान, विश्वव्यापी समस्या)

विषवृक्ष - /बिस्ब्रिक्छ्य/ (तत्स.) [बिष + वृक्ष] ना. विषको रुख, विषालु रुख । विषवृक्षमा अमृत फल्दैन ।

वृत्तान्त - /ब्रित्तान्त/ (तत्स.) [<वृत्त+अन्त] ना. कुनै वस्तु, विषय, घटना आदिको वृस्तृत विवरण, बेली विस्तार, वर्णन (उदा. घटनाको वृत्तान्त, ऐतिहासिक वृत्तान्त)

वेशभूषा - /बेस्भुसा/ [वेश+ भूष् + आ] ना. मानिसको वर्ग, जाति आदिको पहिचान हुने पहिरन, वस्त्र, सिँगारपटार आदि ।

## श

शासन - /सासन्/ (तत्स.) [शास् + अन्] ना. १.सरकारले जनतामाथि गर्ने नियन्त्रण वा नियमन २. दैनिक प्रशासन, राज्यको सञ्चालन (उदा. देशको शासन) ३. वशमा राख्ने वा दबाउने काम, नियन्त्रण

शिष्य - /सिस्स्य/ (तत्स.) [<शास्+य] ना. (स्त्री. शिष्या) १. विद्यार्थी, छात्र । गुरुले शिष्यलाई पाठ पढाए । २ कुनै धार्मिक सम्प्रदायमा गुरुको चेलो, अनुयायी । बुद्धले आफ्ना शिष्यलाई उपदेश दिए ।

शैली - /सैलि/ (तत्स.) [<शील+ई] ना. १. कुनै कार्य वा गतिविधिको ढङ्ग, ढाँचा, तरिका वा विधि (उदा. काम गराइको शैली, नृत्यको शैली, बोलीको शैली, प्राचीन शैली, आधुनिक शैली) २. साहित्यिक अभिव्यक्तिको खास ढङ्ग वा रीति (उदा. तार्किक शैली, आलङ्कारिक शैली) ३. रीतिस्थिति, चालचलन, स्वाभाव, प्रथा (उदा. लोक शैली, ग्रामिण शैली)

शोभा - /शोभा/ (तत्स.) [< शुभ + आ] ना. १. वस्तुमा हुने चमक, प्रकाश वा कान्ति । लुगा र गहनाले उनको शोभा बढ्यो । २. सौन्दर्य, आकर्षण । फूलहरूले बगैचाको शोभा बढेको छ ।

## स

सचेत - /सचेत्/ (तत्स.) [स + चेत] वि. १. चेतना भएको, सजग, होसियार, सतर्क, सावधान । चोर आउँछ भनेर म सचेत भएँ । आइन्दा गल्ती नगर्न उसलाई सचेत गराइयो ।

सज्जन - /सज्जन्/ (तत्स.) [<सत्+जन] ना. १. असल व्यक्ति, भलादमी, विप. दुर्जन । सज्जनको सङ्गत लाभदायी हुन्छ । वि. २. शिष्ट, सभ्य, (उदा. सज्जन मान्छे) ३. सोझो, सुधो, सिधा । उसको साथी सज्जन छ ।

सत्यवादी - /सत्यबादि/ (तत्स.) [सत्य + वादी] वि. १. साँचो बोल्ने, सत्यनिष्ठ, सत्यवान् (उदा. सत्यवादी युधिष्ठिर) २. दृढ प्रतिज्ञ

सद्भाव - /सद्भाब्/ (तत्स.) [<सत् + भाव] ना. १. असल भाव, भलो विचार, हितकारी कुरो २. असल भावना, मेलमिलाप, मित्रता । त्यस समुदायमा जातीय सद्भाव बढेको छ ।

सन्त्रास - /सन्त्रास्/ (तत्स.) [<सम्+त्रास] ना. ठुलो त्रास, खतराको आशङ्काबाट हुने हडबड, व्याकुलता (उदा.चोरको सन्त्रास, पहिरोको सन्त्रास)

सभ्य - /सब्भ्य/ (तत्स.) [<सभा+य] वि. असल आचरण भएको, शिष्ट, भद्र, भलादमी (उदा. सभ्य मानिस, सभ्य चाला, सभ्य सामाज)

सम्प्रदाय - /सम्प्रदाय/ (तत्स.) [सम्+प्रदाय] ना. १. गुरु शिष्यको परम्पराबाट चलि आएको धार्मिक मत वा त्यस्तो मतमा लाग्ने समूह (उदा. वैष्णव सम्प्रदाय, शैव सम्प्रदाय) २. खास चिन्तकले प्रतिपादन गरेको सिद्धान्त, विचार धारा वा त्यसको परम्परा ( उदा. अलङ्कारवादी सम्प्रदाय, रीतिवादी सम्प्रदाय, संरचनावादी सम्प्रदाय)

सागर - /सागर्/ (तत्स.) ना. समुद्र (उदा. सागरको किनार, महासागर)

साधना - (तत्स.) [साधन + आ] ना. १. लामो समयसम्म एकाग्र भई गरिने अभ्यास, सफलताको लागि निरन्तरको प्रयास । अनुसन्धानमा निरन्तरको साधना चाहिन्छ ।

साधु$_१$ - (तत्स.) ना १. अध्यात्म साधनामा जीवन लगाएको व्यक्ति, महात्मा, सन्त । २. सोझो मान्छे, सज्जन, भलादमी । ऊ साधु भएर बसेको छ ।

साधु$_२$ - (तत्स.) ना. पोइल गएकी स्वास्नीको विवाहित पति, पूर्व पति, विप. जार

साधु$_३$ - (तत्स.) वि. १. व्याकरणका नियमका आधारमा व्युत्पादन भएको, सिद्ध, प्रमाणित स्तरीय, विप. असाधु ।

सिँढी - /सिँढि/ ना. १. अग्लो ठाउँमा जानका लागि बनाइएको तह तह परेको टेक्ने ठाउँ, खुड्किलो, ढुङ्गा, काठ र सिमेन्ट आदिबाट बनाइएको एक प्रकारको भऱ्याङ । सिँढीहरू उक्लिएर मन्दिरमा पुगियो । २. तल वा माथि

जाने काम, उकालो वा ओरालोको काम, उकालो वा ओरालोको काम, पङ्क्ति, श्रेणी, सोपान । उनीहरूको योग्यतामा धेरै सिँढीको फरक छ ।

सुसेली - /सुसेलि/ [> सुसेलो+ई] ना. १. सुसेलो । सुसेलीको धुनमा गीत गुनगुनाइयो । २.सुसाइ (उदा. नदीको्

सोतर - *ना.* [सं शोषास्तर > प्रा. सोसअत्त >सोहत्त + र] १. पशुहरूलाई थलो ओभानो राख्नका लागि ओछ्याइने सुक्खा पातपत्कर आदि । २. बिछ्याइने काममा प्रयोग हुने एक जातको उन्युँ । विरामी भई पसारो परेको, लम्पसार परेको । ३. जथाभावी छरिएको ।

सोरठी - *ना.* [प्रा. सोरट्ठ] गुरुङ, मगर आदि जातिमा प्रचलितल गीतिनाट्यको एक भेद ।

ह

हतकडी - /हत्कडि/ [> हात+कडी] ना. अपराधी भाग्न नपाओस भनी दुवै हात बाँधिने गरी लगाइने फलामे साङ्लो भएको चुरो । चोरलाई हतकडी लगाएर अदालतमा पुऱ्याइयो ।

हर्ष - *ना.* [सं] चिताएको कुरा पुग्दा वा चाहेजस्तो कुनै काम बन्दा मनमा हुने आनन्द, प्रसन्नता, खुसियाली ।

हिम्मती - /हिम्मति/ (आ.) [हिम्मत + ई] वि. हिम्मतदार

हुन्डरी - /हुन्डरि/ [हुन्डर+ ई] ना. १. आँधी बेहरी, तुफान । हुन्डरीले उसको घरको छानो उडायो ।

हृष्टपुष्ट - /रिस्टपुस्ट/ (तत्स.) [हृष्ट + पुष्ट ] वि. १. प्रसन्न र स्वस्थ २. मोटोघाटो, बलियो (उदा. हृष्टपुष्ट शरीर)

## ५.२ नमुना शैक्षिक कोशमा प्रयुक्त शब्दहरूको विश्लेषण

प्रस्तुत शोधकार्यमा १६० वटा शब्दहरूलाई प्रविष्टि दिएर शब्दकोश निर्माण गरिएको छ । यस नमुना शब्दकोशमा प्रविष्टि पाएका शब्दहरूलाई स्रोतका आधारमा, पदवर्गका आधारमा, उच्चारण तथा व्युत्पादनका आधारमा तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ, जुन निम्नानुसार रहेका छन् :

### ५.२.१ स्रोतका आधारमा शब्दहरूको विश्लेषण

प्रस्तुत शोधकार्य नमुना शब्दकोश निर्माणमा केन्द्रित रहेको छ । शब्दकोशमा प्रविष्टि दिइएका शब्दहरूलाई स्रोतका आधारमा तत्समलाई (तत्स.), आगन्तुकलाई (आ.) भनी सङ्केत गरिएको छ । तद्भव शब्दलाई कुनै सङ्केत गरिएको छैन । स्रोतका आधारमा शब्दहरूको विश्लेषण गर्नका लागि नमुना शब्दकोशमा प्रविष्टि पाएका शब्दहरूको सङ्ख्यालाई तालिका नं. १ मा यसप्रकार प्रस्तुत गरिएको छ :

तालिका नं. १

स्रोतका आधारमा शब्दहरूको वर्गीकरण

| शब्दको प्रकार | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| तत्सम | ८७ | ५४.३७ |
| तद्भव | ५८ | ३६.२५ |
| आगन्तुक | ११ | ६.८७ |
| अनुकरणमूलक | ४ | २.५ |
| जम्मा | १६० | १०० |

स्रोतका आधारमा प्रविष्टि पाएका शब्दहरूमध्य सबैभन्दा बढी संस्कृत (तत्सम) मूलका शब्दहरू रहेका छन् । जसमा तत्सम शब्दहरू ८७ (५४.३७ प्रतिशत), तद्भव ५८ ( ३६.२५ प्रतिशत), आगन्तुक शब्द ११ (६.८७ प्रतिशत) र ४ वटा (२.५ प्रतिशत), अनुकरणमूलक शब्दहरूले प्रविष्टि पाएका छन् ।

### ५.२.२ पदवर्गका आधारमा शब्दहरूको विश्लेषण

पदवर्ग वाक्यमा प्रयोग हुँदा व्याकरणात्मक कार्य जनाउने शब्द हुन् । यसअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रिया, क्रिया विशेषण, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपात, द्वित्व, सकर्मक क्रिया, अकर्मक क्रिया आदि पर्दछन् । प्रस्तुत शोधपत्रमा यी सबै वर्गका शब्दहरूले प्रविष्टि पाएका छैनन् यद्यपि धेरै वर्गका शब्दहरू समेट्ने प्रयास गरिएको छ । प्रस्तुत अध्ययनमा प्रविष्टि पाएका शब्दहरूलाई तालिकामा वर्गीकरण गरी निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका नं. २

**पदवर्गका आधारमा शब्दहरूको वर्गीकरण**

| शब्दको प्रकार | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नाम | ११९ | ७४.३७ |
| विशेषण | २८ | १७.५ |
| क्रियायोगी | १० | ६.२५ |
| नामयोगी | १ | ०.६२ |
| नाम/विशेषण | १ | ०.६२ |
| नाम धातु | १ | ०.६२ |
| जम्मा | १६० | १०० |

उल्लिखित तालिका अनुसार शब्दहरूलाई व्याकरणिक कोटिका आधारमा गणना गरिएको छ । जसअन्तर्गत नाम, विशेषण, क्रियायोगी, नामयेगी, नामधातु र नाम/विशेषण जस्ता शब्दले प्रविष्टि पाएका छन् । प्रस्तुत शोधमा सबैभन्दा बढी नाम वर्गका शब्द ११९ ( ७४.३७), र सबैभन्दा कम नामयोगी, नाम धातु र नाम/विशेषण वर्गका एक एक वटा शब्दहरूले प्रविष्टि पाएका छन् ।

### ५.२.३ उच्चारण र व्युत्पादनका आधारमा शब्दहरूको विश्लेषण

प्रस्तुत अध्ययन शब्दको उच्चारण र व्युत्पादन देखाउनमा केन्द्रित रहेको छ । शब्दको मानक रूपलाई उच्चारण कसरी गरिन्छ र ती शब्दको निर्माण प्रक्रिया अर्थात बनोट कस्तो छ ? भन्ने कुरा उच्चारण र व्युत्पादनले देखाउँछन् । यसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका नं. ३

उच्चारण र व्युत्पादनका आधारमा शब्दहरूको वर्गीकरण

| उच्चारण र व्युत्पादन | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| उच्चारण र व्युत्पत्ति दुबै दिइएका शब्द | ८० | ५० |
| उच्चारण दिइएका शब्द | ४० | २५ |
| व्युत्पत्ति दिइएका शब्द | २१ | १३.१२ |
| उच्चारण र व्युत्पत्ति दुबै नदिइएका शब्द | १९ | ११.८७ |
| जम्मा | १६० | १०० |

प्रस्तुत अध्ययनमा जम्मा १६० वटा शब्दहरूलाई प्रविष्टि दिइएको छ । जसमा उच्चारण र व्युत्पादन दुबै दिइएका शब्द सबैभन्दा बढी ८० वटा रहेका छन् भने उच्चारण मात्र दिइएका शब्द ४० र्हेका छन् । त्यसैगरी २१ वटा शब्को व्युत्पत्ति मात्र दिइएको छ भने १९ वटा शब्दको व्युत्पत्ति र उच्चारण केही पनि दिइएको छैन ।

### ५.२.४ वर्णका आधारमा शब्दहरूको विश्लेषण

खास भाषिक व्यवस्थामा लघुत्तम व्यतिरेकी ध्वनि वर्ण हो । यसले उच्चरित शब्दको अर्थमा भिन्नता ल्याउने गर्दछ । प्रस्तुत शोधमा यिनै वर्णहरूको प्रविष्टि दिएर कोश निर्माण गरिएको छ । जसमा ३७ वटा वर्णहरूका शब्दलाई समावेश गरिएको छ, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ४

दिइएका वर्णबाट सुरू भएका शब्दसङ्ख्या

| वर्ण | शब्द सङ्ख्या | वर्ण | शब्द सङ्ख्या | वर्ण | शब्द सङ्ख्या |
|---|---|---|---|---|---|
| अ | १३ | च | ४ | प | १० |
| आ | ४ | छ | १ | फ | १ |
| इ | २ | ज | ५ | ब | ५ |
| उ | ४ | झ | २ | भ | ६ |
| ऋ | २ | ट | २ | म | ८ |
| ए | १ | ठ | १ | य | २ |
| ओ | २ | ड | १ | र | ५ |
| औ | १ | ढ | ३ | ल | २ |
| क | ६ | त | ४ | व | १२ |
| ख | ४ | द | ५ | श | ४ |
| ग | ५ | ध | ३ | स | १४ |
| घ | ३ | न | ७ | ह | ५ |
| | | | | त्र | १ |

प्रस्तुत शोध उल्लिखित वर्णहरूलाई प्रविष्टि दिई ती शब्दको स्रोत, उच्चारण, व्युत्पत्ति, पदवर्ग, अर्थ र उदाहरण एवम् प्रयोगमा केन्द्रित रहेको छ। शोधमा समावेश १६० शब्दहरूलाई वर्णानुक्रममा प्रस्तुत गरिएको छ । यसक्रममा पहिले स्वर वर्णका र पछि व्यञ्जन वर्णका शब्दलाई अकारादिमा प्रस्तुत गरिएको छ । नेपाली बृहत् शब्दकोश र प्रयोगात्मक नेपाली शब्दकोशका आधारमा वर्णहरूको रखाइक्रम निर्धारण गरिएको छ । यसमा सबैभन्दा बढी स वर्णका १४ ओटा शब्द छन्। सबैभन्दा कम  ए, औ, छ, ठ, ड, फ वर्णका १/१ शब्दले प्रविष्टि पाएका छन्। पञ्चम वर्ण ङ, ञ, ण र थ, ष, क्ष, ज्ञ वर्णले

प्रविष्टि पाएका छैनन् । यसैगरी स्वर वर्णका ई, ऊ, ऐ, अं, अः वर्णले पनि प्रविष्टि पाएका छैनन् । प्रस्तुत *छ कक्षाको को नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण र प्रयोग* शीर्षकको शोधपत्र तयार गर्ने क्रममा पाठ्यपुस्तकमा रहेका सबै शब्दलाई लिइएको छैन । पाठमा गाढा, पाठको अन्त्यमा दिइएका शब्द र पाठमा रहेका विद्यार्थीलाई जटिल लाग्ने खालका शब्दहरूलाई मात्र यस अध्ययनमा समावेश गरिएको छ ।

# अध्याय छ

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधकार्यमा उद्देश्यलाई ध्यानमा राखी तथ्याङ्क सङ्कलन गर्दा छ कक्षा पूरा गरेका (अर्थात सो कक्षामा पढिसकेका पाठहरूबाट) पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका ३०/३० जना गरी जम्मा ६० जना विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरिएको छ । ती विद्यार्थीहरूमा शब्दसम्बन्धी के कस्तो ज्ञान छ भन्ने कुरा पत्ता लगाउनका लागि पुस्तकमा भएका शब्दहरू छनोट गरेर परीक्षण गरिएको छ । प्रश्नपत्रको माध्यमबाट दशवटा शब्दको अर्थ लेख्ने, पाँचवटा वाक्यमा प्रयोग गर्ने र पाँचवटा जोडा मिलाउने प्रश्नमार्फत विद्यार्थीहरूको शब्दज्ञान क्षमताको समेत अध्ययन गरिएको छ । यसक्रममा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीले पाएको प्राप्ताङ्कलाई जोडेर औसत अङ्क र प्रतिशत निकालि विश्लेषण गरिएको छ । यसैगरी छुट्टाछुट्टै तालिकामार्फत प्रतिशतसमेत निकालेर तुलना तथा विश्लेषण गरिएको छ । यसका आधारमा विद्यार्थीहरूको शब्दसम्बन्धी ज्ञान तुलना र व्याख्या गरिएको छ । समग्रमा सबै विद्यार्थीको प्राप्ताङ्कलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५**

**सम्पूर्ण विद्यार्थीको प्राप्ताङ्क**

| क्र. सं. | वि. सं. | प्रश्नका प्रकार | शब्द सङ्ख्या | अङ्क | कुल प्राप्ताङ्क | | | प्राप्ताङ्क | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सामुदायिक | संस्थागत | जम्मा | औसत अङ्क | प्रतिशत |
| १ | ६० | शब्दको अर्थ लेख्ने | १० | १० | १९५ | २०९ | ४०४ | ६.७३ | ६७.३ |
| २ | ६० | वाक्यमा प्रयोग गर्ने | ५ | ५ | ९९ | १११ | २१० | ३.५ | ७० |
| ३ | ६० | जोडा मिलाउने | ५ | ५ | ११४ | १२६ | २४० | ४ | ८० |

स्रोत : स्थलगत अध्ययन २०७५

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको कुल प्राप्ताङ्कलाई माथिको तालिका मार्फत प्रष्ट पारिएको छ । सामुदायिक विद्यालयका ३० र संस्थागतका ३० गरी जम्मा ६० जनाले प्रत्येक प्रश्नमा पाएको कुल अङ्कलाई जोडेर औसत र प्रतिशत निकालिएको छ । जसअन्तर्गत शब्दको अर्थ लेख्ने प्रश्नमा सामुदायिकका विद्यार्थीले १९५ (छात्रा १०३, छात्र ९२) र संस्थागतका विद्यार्थीले २०९ (छात्रा ११०, छात्र ९९) अङ्क ल्याएका छन् । दुबै विद्यालयका विद्यार्थीको प्राप्ताङ्कलाई जोड्दा ४०४ भएको छ । यो कुल अङ्कलाई कुल विद्यार्थी सङ्ख्या ६० ले भाग भाग गर्दा ६.७३ औसत अङ्क र प्रतिशतमा हेर्दा ६७.३ देखिएको छ ।

वाक्यमा प्रयोग गर्ने प्रश्नमा सामुदायिक तर्फ कुल प्राप्ताङ्क ९९ (छात्रा ३३.५ र छात्र ६५.५) रहेको छ । संस्थागतका छात्राले ५३, छात्रले ५८ गरी कुल १११ अङ्क ल्याएका छन् । दुबैतर्फका विद्यार्थीको जम्मा प्राप्ताङ्क २१० भयो । यो अङ्कलाई सबै ६० जना विद्यार्थीको सङ्ख्याले भाग गर्दा औसत अङ्क ३.५ र यही औसतलाई १०० ले गुणन र वाक्यमा प्रयोग गर्ने प्रश्न सङ्ख्या (५) ले भाग गर्दा ७० प्रतिशत देखिन्छ । यस अनुसार वाक्यमा प्रयोग गर्ने प्रश्नमा सामुदायिक र संस्थागतका छात्रले बढी अङ्क ल्याएका छन् भने समग्रमा सामुदायिकको तुलनामा संस्थागत विद्यालयको प्राप्ताङ्क १२ अङ्कले बढी छ ।

जोडा मिलाउने प्रश्नमा सामुदायिक विद्यालयका ३० जना विद्यार्थीमा छात्राले ६४ र छात्रले ५० गरी जम्मा ११४ अङ्क प्राप्त गरेका छन् । संस्थागततर्फ छात्राले ६१ र छात्रले ६५ गरी १२६ अङ्क प्राप्त गरेका छन् । दुबै तर्फको कुल २४० अङ्कलाई कुल विद्यार्थी सङ्ख्याले भाग गर्दा औसत अङ्क ४ र प्रतिशतमा ८० हुन आउँछ । यस प्रश्नमा पनि सामुदायिकका छात्रा र संस्थागतका छात्रको प्राप्ताङ्क बढी देखियो । समग्रमा यस प्रश्नमा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीको प्राप्ताङ्क १२ ले बढी देखिएको छ ।

यसैगरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको प्राप्ताङ्कलाई छुट्टा छुट्टै तालिकामार्फत निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ :

तालिका नं ६

सामुदायिक विद्यालयका विद्यार्थीको प्राप्ताङ्क

| क्र.सं. | वि.सं. | प्रश्नका प्रकार | शब्द सङ्ख्या | अङ्क | प्रप्ताङ्क | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | अङ्क | औसत अङ्क | प्रतिशत |
| १ | ३० | शब्दको अर्थ लेख्ने | १० | १० | १९५ | ६.५ | ६५ |
| २ | ३० | वाक्यमा प्रयोग | ५ | ५ | ९९ | ३.३ | ६६ |
| ३ | ३० | जोडा मिलाउने | ५ | ५ | ११४ | ३.८ | ७६ |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिकाका आधारमा शब्दार्थमा जम्मा छात्राले १०३ र छात्रले ९२ अङ्क ल्याएका थिए । जम्मा १९५ अङ्क भयो, अब यसलाई औसतमा निकाल्दा ६.५ देखिएको छ भने यसलाई प्रतिशतमा लैजाँदा ६५ प्रतिशत हुन आउँछ । वाक्यमा प्रयोग गर्ने पाँचवटा प्रश्नका लागि पाँच अङ्क छुट्याइएकोमा छात्राले ३३.५, छात्रले ६५.५ अङ्क ल्याएका छन् । जम्मा ९९ लाई तिसजना विद्यार्थीको सङ्ख्याले भाग गरी औसत ३.३ आएको छ भने यसको प्रतिशत ६६ देखियो । एवम् प्रकारले जोडा मिलाउने प्रश्नको पनि औसत निकाली हेर्दा ३.८ र प्रतिशतमा ७६ अङ्क पाएका छन् । जोडा मिलाउने प्रश्नमा सबैभन्दा बढी अङ्क (७६ प्रतिशत), त्यसपछि वाक्यमा प्रयोगमा ६६ प्रतिशत र शब्दको अर्थ लेख्ने प्रश्नमा सबैभन्दा कम (६५ प्रतिशत) अङ्क प्राप्त गरेको पाइयो ।

तालिका नं ७

संस्थागत विद्यालयका विद्यार्थीको प्राप्ताङ्क

| क्र.सं. | वि.सं. | प्रश्नका प्रकार | शब्द सङ्ख्या | अङ्क | प्रप्ताङ्क | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | अङ्क | औसत अङ्क | प्रतिशत |
| १ | ३० | शब्दको अर्थ लेख्ने | १० | १० | २०९ | ६.९६ | ६९.६ |
| २ | ३० | वाक्यमा प्रयोग गर्ने | ५ | ५ | १११ | ३.७ | ७४ |
| ३ | ३० | जोडा मिलाउने | ५ | ५ | १२६ | ४.२ | ८४ |

स्रोत : स्थलगत अध्ययन २०७५

संस्थागत विद्यालयका तिसजना विद्यार्थीमा उल्लिखित प्रश्नमार्फत शब्दज्ञान परीक्षण गरिएकोमा विद्यार्थीले सबैभन्दा बढी अङ्क जोडा मिलाउने प्रश्नमा (८४ प्रतिशत) पाएका छन् भने सबैभन्दा कम शब्दको अर्थमा (६९.६ प्रतिशत) प्राप्ताङ्क ल्याएका छन् । वाक्यमा प्रयोगसम्बन्धी प्रश्नमा ७४ प्रतिशत अङ्क प्राप्त गरेका छन् । शब्दको अर्थ लेख्ने प्रश्नमा छात्राले ११०, छात्रले ९९ अङ्क ल्याएका छन् भने यसको समग्र औसत अङ्क ६.९६ रहेको छ । वाक्यमा प्रयोगमा छात्राले छात्रभन्दा कम ५३ र छात्रले ५८ अङ्क ल्याएको पाइयो भने यसको समग्र औसत ३.७ र प्रतिशत ७४ रहेको छ । जोडा मिलाउने प्रश्नको उत्तरमा छात्रले नै बढी अङ्क प्राप्त गरेको देखियो, जसमा छात्रको ६५ र छात्राको ६१ अङ्क रहेको छ । यसरी हेर्दा १५/१५ जना छात्रा र छात्रलाई शोधिएका प्रश्नमा अर्थ लेख्ने प्रश्नमा छात्राको प्राप्ताङ्क बढी देखियो भने बाँकी सबै प्रश्नमा छात्रको प्राप्ताङ्क छात्राको तुलनामा बढी रहेको पाइयो ।

माथिका तालिकाका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कका आधारमा प्रत्येक प्रश्नको निम्नानुसार विश्लेषण गरिएको छ :

(१)  **शब्दको अर्थ लेख्ने**

शब्दको मूल भाव अर्थमा रहने भएकाले शब्दको अर्थ जान्नु आवश्यक छ । शब्दार्थ सम्बन्धी ज्ञान विद्यार्थीमा के कति छ भनेर पाँच सामुदायिक र पाँच संस्थागत गरी १० विद्यालयका ६० जना विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरी दशवटा शब्दको अर्थ लेख्न लगाइयो । जसका लागि दश अङ्कभार राखिएको थियो । सबै ६० जना विद्यार्थीको प्राप्ताङ्कलाई हेर्दा शब्दको अर्थ लेख्ने प्रश्नमा जम्मा ४०४ अङ्क ल्याएका छन् । यसलाई औसतमा हेर्दा ६.७३ र प्रतिशतमा लैजाँदा ६७.३ हुन आएको छ ।

यस प्रश्नमा सामुदायिक विद्यालयमा ४ वटा शब्दको अर्थ लेख्ने विद्यार्थी ४ जना छन् भने ५ वटा शब्दको अर्थ लेख्ने विद्यार्थी पनि ४ जना छन् । यसैगरी ६ वटा शब्दको अर्थ ८ जनाले लेख्न सकेका छन् भने ७ वटा शब्दको अर्थ लेख्ने विद्यार्थी ३ जना, ८ वटा शब्दको अर्थ लेख्ने विद्यार्थी १० जना रहेका छन् भने १० वटै शब्दको अर्थ एक जनाले मात्र लेख्न सकेको पाइयो । संस्थागत विद्यालयमा ५ वटा शब्दको अर्थ लेख्ने २ जना, ६ वटा शब्दको अर्थ लेख्ने ९ जना, ७ वटा शब्दको अर्थ लेख्ने ४ जना र यहाँ पनि १० वटै शब्दको अर्थ लेख्न १ जनाले मात्र सकेको पाइयो ।

यसरी हेर्दा शब्दको अर्थ लेख्ने प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थिको औसत अङ्क ६.५ छ भने संस्थागततर्फ ६.९६ रहेको रहेको छ, जुन सामुदायिक विद्यालयका तुलनामा ०.४५ प्रतिशतले बढी हो । तालिकालाई हेर्दा सामुदायिकका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीमा शब्दको अर्थबारे बढी जानकारी रहेको पाइयो ।

(२)  **शब्दलाई वाक्यमा प्रयोग गर्ने**

छ कक्षाका विद्यार्थीहरूले शब्दलाई वाक्यमा प्रयोग कसरी गर्छन् भनी पाँचवटा शब्दको छनोट गरी पाँच अङ्क छुट्याइयो । यस प्रश्नमा समग्र ६० जनाको प्राप्ताङ्कलाई हेर्दा २१० रहेको छ । औसतमा ३.५ र प्रतिशतमा हेर्दा यो ७० प्रतिशत देखिएको छ । शब्दको अर्थ लेख्नेभन्दा वाक्यमा प्रयोग गर्ने प्रश्नमा समग्र विद्यार्थीको प्राप्ताङ्क २.७ बढी ल्याएको पाइयो ।

सामुदायिक विद्यालयका ३० जना विद्यार्थीहरूमध्य वाक्यमा प्रयोग गर्ने प्रश्नमा २ जनाले २ अङ्क ल्याएका छन् भने १ जनाले २.५ अङ्क ल्याएका छन् । ३ देखि ३.५ अङ्क

ल्याउने विद्यार्थी १८ जना छन् भने ४ देखि ५ अङ्क ल्याउने विद्यार्थी ८ जना छन् । १ जनाले यो प्रश्नमा कत्ति पनि अङ्क प्राप्त नगरेको पाइयो । यता संस्थागत विद्यालयमा २ देखि २.५ अङ्क ल्याउने ३ जना र ३ देखि ४ अङ्क ल्याउने २४ जना छन् भने ४.५ देखि ५ अङ्क ३ जनाले प्राप्त गरेको पाइयो ।

वाक्यमा प्रयोग गर्ने प्रश्नमा सामुदायिकका तुलनामा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको प्राप्ताङ्क ८ प्रतिशतले बढी देखियो । शब्दार्थमा भन्दा शब्दलाई वाक्यमा प्रयोग गर्ने सन्दर्भमा सामुदायिकका विद्यार्थी स्थागतका तुलनामा कमजोर देखिएका छन् । यसर्थ शब्दको अर्थ जानेका विद्यार्थीलाई ती शब्दको उदाहरण तथा प्रयोग सिकाउनु पर्ने देखिन्छ । यसबाट शब्दसम्बन्धी प्रभावकारी ज्ञान हुनुका साथै वाक्य गठन, व्याख्या तथा स्वतन्त्र लेखन क्षमता अभिवृद्धि गर्न सकिने हुँदा वाक्यमा प्रयोग शब्दकोशमा समावेश गर्नु आवश्यक रहन्छ ।

(३) **जोडा मिलाउने**

जोडा मिलाउने प्रश्नले विद्यार्थीको शब्द ज्ञान, अर्थ, पर्याय, विपर्याय क्षमताको वृद्धि गर्न मद्दत गर्दछ । यो प्रश्न पनि सामुदायिक र संस्थागतका ३०/३० गरी ६० जनामै परीक्षण गरिएको थियो । पाँच अङ्कका पाँचवटा शब्दहरूलाई जोडा मिलाउन दिइएको थियो । समग्र विद्यार्थीले यस प्रश्नमा जम्मा २४० अङ्क प्राप्त गरेका छन् । औसतमा ४ तथा प्रतिशतमा ८० अङ्क प्राप्त गरेको देखियो । यसका आधारमा हेर्दा शब्दार्थ र वाक्यमा प्रयोग गर्ने प्रश्नको तुलनामा जोडा मिलाउने प्रश्नमा समग्र विद्यार्थीको प्राप्ताङ्क बढी देखिको छ ।

सामुदायिकका ३० जना विद्यार्थीमध्य छात्राले ६४, छात्रले ५० गरी दुबैको औसत ३.८ अङ्क ल्याएका छन्, जुन प्रतिशतमा ७६ हुन्छ । उता संस्थागत विद्यालयका छात्राको ६१ र छात्रको ६५ को औसत ४.२ तथा प्रतिशतमा ८४ अङ्क ल्याएको देखिन्छ ।

जोडा मिलाउने प्रश्नमा सामुदायिकतर्फ ४ जनाले २ अङ्क ल्याएका । त्यसैगरी ३ देखि ३.५ ल्याउने ६ जना र ४ देखि ५ अङ्क ल्याउने २० जना रहेका छन् । संस्थागत विद्यालयका सन्दर्भमा ४ जनाले २ अङ्क ल्याएका छन् भने ३ जनाले ३ अङ्क, ६ जनाले ४ अङ्क तथा १७ जनाले ५ अङ्क प्राप्त गरेका छन् ।

यहाँ पनि संस्थागत विद्यालयमा अध्ययनरत् विद्यार्थीको जोडा मिलाऊ सम्बन्धमा शब्द तथा अर्थगत ज्ञान राम्रो पाइयो ।

समग्रमा भन्दा भाषाको अर्थपूर्ण एकाइ शब्द हो, जसबाट भन्न खोजेको कुराको पूर्णरूपमा जानकारी मिल्दछ । प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा रहेका शब्दको छनोट गरेर पाँच सामुदायिक र पाँच संस्थागत गरी १० विद्यालयका ६० जना विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरिएको छ । ती विद्यार्थीमा शाब्दिक ज्ञान के कति छ, यो नमुना शब्दकोश निर्माणको महत्त्व किन छ र यो विद्यार्थीलाई के कति प्रभावकारी हुन्छ भनेर विश्लेषण गर्नका लागि एउटा प्रश्नपत्र बनाएर विद्यार्थीको शाब्दिक क्षमताको जाँच गरिएको छ । यसमा दशवटा शब्दको अर्थ लेख्न लगाइएको छ भने यसका लागि दश अङ्क छुट्याइएको छ । वाक्यमा प्रयोग गर्नका लागि पाँचवटा शब्द र यसका लागि पाँच अङ्क छुट्याइएको छ । जोडा मिलाउने प्रश्नका लागि बायाँपट्टि पाँच र दायाँतिर छ वटा शब्दहरू दिइएको छ भने यसका लागि पनि अङ्कभार पाँच नै निर्धारण गरिएको छ । यसरी छुट्याइएको प्रश्नमा सम्पूर्ण विद्यार्थीहरूको औसत प्राप्ताङ्कलाई हेर्दा सामुदायिक विद्यालयतर्फ ६.५ (६५ प्रतिशत) शब्दको अर्थमा, ३.३ (६६ प्रतिशत) वाक्यमा प्रयोग र ३.८ (७६ प्रतिशत) जोडा मिलाउने प्रश्नमा अङ्क प्राप्त गरेका छन् ।

यसैगरी संस्थागत विद्यालयमा औसतमा हेर्दा ६.९६ (६९.६ प्रतिशत) शब्दको अर्थ लेख्ने, ३.७ (७४ प्रतिशत) वाक्यमा प्रयोग र ४.२ (८४ प्रतिशत ) जोडा मिलाउनेमा अङ्क प्राप्त गरेका छन् । यी विभिन्न प्रश्नका आधारमा विश्लेषण गर्दा तुलनात्मक रूपमा सबै प्रश्नमा संस्थागत विद्यालयका विद्यार्थीको प्राप्ताङ्क अधिक रहेको देखियो । शब्दको अर्थ लेख्ने प्रश्नमा सामुदायिक र संस्थागत दुबैमा छात्रभन्दा छात्राको प्राप्ताङ्क बढी छ । सामुदायिक विद्यालयतर्फ जोडा मिलाउने प्रश्नमा पनि छात्रभन्दा छात्राको प्राप्ताङ्क उच्च देखिएको छ । प्रस्तुत शोधकार्यले विद्यार्थीका शब्दज्ञानसम्बन्धी यस्ता कमजोरी पत्ता लगाई शब्दसम्बन्धी सहयोग गर्ने भएकाले यो नमुना शब्दकोश निर्माण महत्त्वपूर्ण देखिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत शोधकार्य *छ कक्षाको छकाे नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण र प्रयोग* शीर्षकमा केन्द्रित रहेको छ । आधारभूत तहअन्तर्गत छ कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूलाई लक्षित गरी यो नमुना शब्दकोश निर्माण गरिएको छ ।

प्रस्तुत शोधकार्यलाई सात अध्यायमा राखेर अध्ययन, खोज, अनुसन्धान, वर्णन तथा विश्लेषण गरिएको छ । पहिलो अध्यायमा शोध परिचय शीर्षक राखी अध्ययनीय पृष्ठभूमिको चर्चा गरेर समस्याको पहिचान गरिएको छ । समस्या समाधानका लागि उद्देश्य निर्धारण गरिएको छ । यससँगै शोधको सान्दर्भिकता एवम् उपयोगिताको चर्चा गर्दै शोधकार्यलाई कति परिधिमा सीमित राख्ने भनेर सीमा निर्धारण गरिएको छ । परिचय खण्डको अन्त्यमा शोधकार्यलाई कति अध्यायमा राख्ने र कसरी सम्पन्न गर्ने भनी शोधकार्यको रूपरेखा प्रस्तुत गरिएको छ । यसरी पहिलो अध्यायबाट शब्दकोश निर्माणको कार्यलाई गति प्रदान गरिएको छ ।

दोस्रो अध्यायअन्तर्गत पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणाको चर्चा गरिएको छ । पूर्वकार्यको पुनरावलोकनअन्तर्गत विभिन्न पुस्तक तथा पहिले गरिएका शब्दकोशसम्बन्धी शोधकार्यको पुनरावलोकन गरिएको छ । सैद्धान्तिक प्रारूपअन्तर्गत विषय प्रवेश, शब्दकोशको परिचय र परिभाषा, शैक्षणिक शब्दकोश, शैक्षणिक शब्दकोश निर्माणका समस्या, यसको उपयोगिता, कोशको स्वरूप तथा कोश सम्पादन प्रक्रियालाई स्पष्ट पारिएको छ ।

तेस्रो अध्यायमा नमुना शब्दकोश निर्माणको विधि र प्रक्रियालाई उल्लेख गरिएको छ । यस नमुना शब्दकोश निर्माणका लागि मुख्यतः पुस्तकालयीय अध्ययन प्रक्रिया र सहायक रूपमा क्षेत्रीय अध्ययनका साथै व्याख्यात्मक र विश्लेषणात्मक एवम् प्रयोगसम्बन्धी कुरालाई स्पष्ट पारिएको छ । शोधकार्यका लागि प्राथमिक र द्वितीयक स्रोतका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ साथै सो सामग्रीको विश्लेषण प्रक्रिया उल्लेख गरिएको छ ।

चौथो अध्यायअन्तर्गत नमुना शब्दकोश निर्माण र विश्लेषण गरिएको छ । छ कक्षाको नेपाली पाठ्यपुस्तकबाट १६० वटा शब्दहरू सङ्कलन गरी वर्णानुक्रमअनुसार शब्दकोशमा प्रविष्टि दिइएको छ । ती शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग, अर्थ र उदाहरण दिई नमुना शब्दकोश निर्माण गरिएको छ । नमुना शब्दकोशमा प्रविष्टि पाएका शब्दहरूको वर्ण, शब्द र सो शब्द सङ्कलन गरिएको पाठका नामहरू पनि उल्लेख गरिएको छ ।

पाचौँ अध्यायभित्र वर्णानुक्रममा परेका शब्दहरूको सान्दर्भिक वाक्यात्मक उदाहरण अन्तर्गत कोशका लागि वर्णानुक्रममा परेका शब्दहरूको सान्दर्भिक वाक्यात्मक उदाहरण प्रस्तुत गरिएको छ ।

छैटौँ अध्यायमा तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको छ । यसअन्तर्गत पाँच सामुदायिक र पाँच संस्थागत गरी जम्मा १० वटा विद्यालयका ६० जना विद्याथीहरूको शब्दसम्बन्धी ज्ञान के कस्तो छ भनी गरिएको परीक्षणलाई औसत अङ्कका आधारमा व्याख्या एवम् विश्लेषण गरिएको छ । प्रश्नपत्र निर्माण गरी शोधिएका प्रश्नका आधारमा छुट्टाछुट्टै तालिका तथा उपशीर्षक राखी सामुदायिक वा संस्थागत विद्यालयका कुन विद्यार्थीको कुन प्रश्नमा के कति ज्ञान छ भनी उनीहरूले प्राप्त गरेको औसत प्राप्ताङ्कका आधारमा विश्लेषण एवम् तुलना गरिएको छ ।

सातौँ अध्यायका रूपमा सारांश, निष्कर्ष र उपयोगितालाई प्रस्तुत गरिएको छ । यसमा अध्याय एकदेखि सातसम्म समावेश गरिएका शीर्षक/उपशीर्षकबारे चर्चा रहेको छ । निष्कर्षमा नमुना शब्दकोश निर्माणको खण्डलाई स्रोत, उच्चारण, पदवर्ग, व्युत्पत्ति र वर्णका आधारमा र ६० जना विद्यार्थीले दिएको उत्तरलाई औसतमा हेरी कुन प्रश्नमा कति अङ्क ल्याए भनेर विश्लेषण गरिएको छ । यसैगरी नीतिगत तह र प्रयोगगत तहमा विभाजन गरी अध्ययनको उपयोगितालाई स्पष्ट पारिएको छ ।

## ७.२ निष्कर्ष

भाषाको शब्दले भाषिक ज्ञानलाई सरल, सहज र बोधगम्य रूपमा प्रस्तुत गर्न मद्दत गर्दछ । शब्दसम्बन्धी विविध ज्ञान प्रदान गर्ने उद्देश्यले यो नमुना शब्दकोश निर्माण गरिएको हो । शब्दकोशमा शब्दहरूको उच्चारण, स्रोत, वयुत्पत्ति, पदवर्ग, उदाहरण, प्रयोग र अर्थ

आदि कुराको जानकारी दिइएको छ । प्रस्तुत शोधकार्य छ कक्षाको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोशसँग सम्बन्धित रहेको छ । यस शोधकार्यबाट प्राप्त निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) प्रस्तुत शोधकार्यमा जम्मा १६० शब्दहरू सङ्कलन गरी ती शब्दलाई नदोहोरिने गरी वर्णानुक्रममा प्रविष्टि दिई स्रोत, उच्चारण, व्युत्पादन, पदवर्ग, अर्थ र उदाहरण दिइएको छ ।

(ख) स्रोतका दृष्टिले ८७ तत्सम, ५८ तद्भव, ११ आगन्तुक र ४ वटा अनुकरणमूलक शब्द रहेका छन् ।

(ग) पदवर्गका दृष्टिले ११९ वटा नाम, २८ विशेषण, १० क्रियायोगी, १ नामयोगी र १/१ वटा नाम/विशेषण तथा नामधातु शब्द रहेका छन् ।

(घ) वर्णगत रूपमा सबैभन्दा बढी स वर्णका १४ वटा र सबैभन्दा कम ए, औ, छ, ठ, ड, तथा फ वर्णका १/१ वटा शब्द रहेका छन् भने कतिपय वर्णले प्रविष्टि पाएका छैनन् ।

(ङ) पञ्चम वर्णका ङ, ञ, ण बाट निर्मित शब्दले यस नमुना शब्दकोशमा प्रविष्टि पाएका छैनन् । यसैगरी स्वर वर्णका ई, ऊ, ऐ, अः बाट निर्मित शब्दले पनि प्रविष्टि पाएका छैनन् ।

(च) क्षेत्रगत अध्ययनलाई हेर्दा शब्दको अर्थ लेख्ने प्रश्नको सामुदायिक विद्यालयका विद्यार्थीले ६५ प्रतिशत र संस्थागतका विद्यार्थीले ६९.६ प्रतिशत, वाक्यमा प्रयोग गर्ने प्रश्नको सामुदायिकमा ६६ प्रतिशत र संस्थागतमा ७४ प्रतिशत र जोडा मिलाउने प्रश्नको सामुदायिकमा ७६ प्रतिशत तथा संस्थागतमा ८४ प्रतिशत औसत अङ्क प्राप्त गरेका छन् । जसलाई तालिका नं. ६ र ७ मा प्रस्तुत गरिएको छ ।

## ७.३ उपयोगिता

हरेक अध्ययन अनुसन्धान कार्यको उपयोगिता उक्त विषयको क्षेत्रसँग सम्बन्धित रहेको हुन्छ । कुनै पनि कार्यको पछाडि सो कार्यले कुन कुन पक्षमा के कस्तो सहयोग

पुऱ्याउने तथा कस्ता विषयको अध्ययनमा सहयोग पुऱ्याउने छ भन्ने कुरालाई आत्मसात् गरेको हुन्छ । प्रस्तुत छ कक्षाको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण र प्रयोगमा केन्द्रित भई निर्माण गरिएको शोधपत्रका उपयोगितालाई नीतिगत र प्रयोगगत तहमा यसप्रकार उल्लेख गरिन्छ :

### ७.३.१ नीतिगत तह

प्रस्तुत अध्ययनले विभिन्न निति, नियम तथा कार्यविधि निर्माणमा सहयोग पुऱ्याउने छ । यस अध्ययनबाट पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक, शब्दकोश निर्माण तथा सम्पादन एवम् भाषिक ज्ञान गराउनमा उपयोगी हुने छ । कोशसम्बन्धी नयाँ खोज, अन्वेषण तथा अनुसन्धान गर्न चाहनेहरूका लागि पनि महत्वपूर्ण सहयोगी सामग्रीका रूपमा प्रस्तुत अध्ययन उपयोगी रहनेछ ।

### ७.३.२ प्रयोगगत तह

प्रस्तुत शोधकार्य छ कक्षाको नेपाली पाठ्यपुस्तकमा आधारित भई सम्पन्न गरिएको हो । यसर्थ छ कक्षामा अध्ययनरत विद्यार्थीहरूलाई शब्दसम्बन्धी विस्तृत ज्ञान आर्जन गर्न उपयोगी रहेको छ । साथै शिक्षकका लागि कक्षाको तह र स्तर अनुसार शिक्षण गर्न उपयोगी हुने छ । प्रस्तुत शोधकार्यबाट विद्यार्थीलाई शब्दहरूको शुद्ध हिज्जे, मानक उच्चारण थाहा पाउन, व्याकरणात्मक कोटि पहिचान गर्न, सन्दर्भअनुसार शब्दको अर्थ, उदाहरण र प्रयोगबारे जानकारी प्राप्त गर्न तथा विभिन्न लेख्य चिह्नहरूको सही प्रयोग गर्न मद्दत पुग्ने देखिन्छ । उपयुक्त शिक्षण गर्न, आगमनात्मक विधि प्रयोग गर्न तथा विद्यार्थी केन्द्रित शिक्षण विधि आत्मसात् गरी शिक्षण गर्न शिक्षकवर्गका लागि समेत यो अध्ययनले सहयोग पुऱ्याउने देखिन्छ ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०७०), (दो.सं) *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

आचार्य, माधवप्रकाश र गौतम, रामप्रसाद (२०६६), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

उप्रेती, गंगाप्रसाद, संयो. (२०७५), *नेपाली बृहत् शब्दकोश,* (दसौं सं), काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

ओभ्का, रामनाथ (२०६८), *सामान्य भाषाविज्ञान,* काठमाडौं : श्रेष्ठ कम्प्युटर सर्भिस ।

के.सी., कुसुम (२०७३), *कक्षा सातको बैखरी नेपाली पाठ्यपुस्तकको नमुना शैक्षणिक कोश निर्माण,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, पेशल (२०७४), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

खरेल, लक्ष्मी (२०७३), *कक्षा आठका जीवनीहरूमा समाविष्ट शब्दहरूको नमुना शैक्षणिक कोश निर्माण,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६५), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : शुभकामना बुक्स एन्ड स्टेसनरी ।

ढकाल, शान्तिप्रसाद (२०७०), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : शुभकामना प्रकाशन ।

न्यौपाने, पुष्पाकुमारी (२०७२), *कक्षा दसको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना शब्दकोश निर्माण,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पोखेल, टीका (२०७२), *कक्षा छको नयाँ नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना कोश निर्माण,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

भण्डारी, दीपकबहादुर (२०७३), *कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

भण्डारी, लक्ष्मी (२०७२), *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

लम्साल, रामचन्द्र (२०५७), *कोशविज्ञान र नेपाली कोश,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, मिथिला (२०७४), *कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०६८), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०७०), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५८), *कोशविज्ञान,* काठमाडौं : प्रस्तुति प्रकाशन ।